भूमे गाउँपालिका रूकुम पूर्वी भागको

# शिक्षा क्षेत्र योजना

(प्रथम अध्यावधिक २०८१)

(२०८१-२०८५)

# School Education Sector Plan (2081-2085)

भूमे गाउँपालिका

गाउँ गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

रूकुम पूर्वी भाग

लुम्बिनी प्रदेश, नेपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**सर्वाधिकर प्रकाशकमा**

**प्रमुख संरक्षक**

भूमे गाउँपालिका, रूकुम पूर्वी भाग

**संरक्षक**

श्री होम प्रकाश श्रेष्ठ, अध्यक्ष भूमे गाउँपालिका रूकुम पूर्वी भाग

**सल्लाहकार तथा बाह्य बिज्ञको तर्फबाट**

श्री तिब्र गौतम
श्री रामसुर बुढा
श्री रुजिमान पुन

**योजना निर्माण प्राविधिक सहयोग**

कालिका स्वावलम्वन सामाजिक केन्द्र कपिलबस्तु
यूनिसेफ नेपाल/यूरोपियन यूनियन

**योजना निर्माण कार्यदल**

श्री होम प्रकाश श्रेष्ठ, अध्यक्ष, भूमे गाउँपालिका, रुकुम पूर्वी भाग
श्री देविलाल बिक, प्रमुख प्रशासकिय अधिकृत, भूमे गाउँपालिका रुकुम पूर्वी भाग
श्री टेक प्रसाद बुढा, संयोजक, सामाजिक विकास समिति, भूमे गाउँपालिका, रुकुम पूर्वी भाग
श्री संगम रोका, वडाध्यक्ष, भूमे गाउँपालिका, ७ नं. वडा कार्यालय रुकुम पूर्वी भाग
श्री कौशल कुमार तिवारी, शिक्षा अधिकृत, भूमे गाउँपालिका रुकुम पूर्वी भाग
श्री प्रेम प्रसाद भट्टराई, अधिकृत, भूमे गाउँपालिका रुकुम पूर्वी भाग
श्री केशरमान खड्का, शिक्षक, जनजागृति माध्यमिक विद्यालय, महत
श्री कमानसिंह बिष्ट, शिक्षक, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, चुनवाङ
श्री अनिल आचार्य, शिक्षक, सहिद शुक्र माध्यमिक विद्यालय, सिमा
श्री शिला घर्ती, बालविकास शिक्षक, त्रिवेणी माध्यमिक विद्यालय, काँक्री
श्री होमजंग राना, शिक्षक, टक्सार आधारभूत विद्यालय, झुम्लावाङ
श्री केशवलक्ष्मी गौतम, शिक्षक, सिद्दचौर माध्यमिक विद्यालय, लुकुम
श्री केशब कुमार बि.सी., SESP Technical Officer, KSSC-Nepal

तथ्याङ्क:- श्री टेक बहादुर बुढाथोकी, प्राविधिक सहायक, भूमे गाउँपालिका, रुकुम पूर्वी भाग

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भूमे, रूकुम पूर्वी भाग

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रूकुम पूर्वी भाग

लुम्विनी प्रदेश, नेपाल

मितिः २०८१/१०/०८ गते

## मेरा दुई शव्द

नेपालको संबैधानिक ब्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा प्रदान गरेको शिक्षाको अधिकारको कार्यान्वयन मार्फत सर्वसुलभ तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउने स्थानीय तहको कर्तव्य हुन आउँछ। समग्र विकासको मुख्य आधार शिक्षा हो। भूमे गाउँपालिकाको शिक्षा क्षेत्रलाई प्रभावकारी र ब्यवस्थित र व्यवसायिक बनाई समग्रि विकासमा टेवा पुर्याउन यो शिक्षा क्षेत्र योजना अघि सारिएको छ । यस गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखि पूर्वाधार निर्माणका अतिरिक्त बालबालिकाहरूको शिक्षामा पहुँच, सिकाई सुनिश्चितता, गुणस्तर सुधार, टिकाउ दरमा सुधार, सुशासन र व्यवस्थापन, प्राविधिक शिक्षाको विकासमा विशेष ध्यान दिएको छ।

पालिकाको बिद्यमान स्रोत र साधनको उपलब्धताका आधारमा विद्यालय तह बृद्दि तथा समायोजनका विषयसमेतलाई योजनामा समाहित गरीएको छ । स्वीकृत शिक्षक दरबन्दी कम रहेकोले हामीले विद्यालय समायोजन, दरबन्दी मिलान र अपुग शिक्षकको व्यवस्थापन गर्ने गरी योजना बनाईएको छ । अभिभावक शिक्षा, स्थानीय पाठ्यक्रम निर्माण, पाठयोजना सहितका शिक्षण क्रियाकलाप, प्रविधिमैत्री सिकाइ लगायतका शैक्षिक सवालहरुलाई समबेश गरी योजनालाई मूर्त बनाउने प्रयास गरीएको छ।

योजना मार्फत शैक्षिक उपलब्धि वृद्धिका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकलाई थप जिम्मेवार बनाउने कोसिस भएको छ साथै लगानी अनुसारको प्रतिफल कसरी प्राप्त गर्ने भन्ने चुनौती पनि हामी सामु रहेको छ । तथापी आगामी ५ वर्ष भित्र गाउँपालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादन योजनाको सार हो। यो योजनाको पूर्ण कार्यान्वयनका लागि गाउँपालिका प्रतिबद्ध रहेको छ । साथै भूमे गाउँपालिकाको शिक्षा क्षेत्रलाई सुधार गरी अपेक्षित प्रतिफल दिने अपेक्षा गरेको समेत गरेको छु ।

अन्तमा यस योजनाको विकास कार्यमा संलग्न सबैलाई धन्यबाद ब्यक्त गर्दछु। योजनाको कार्यान्वयनमा सबै सरोकारवालाहरुको योगदान हुने अपेक्षाका साथ सफल कार्यान्वयनका लागि शूभकामना ब्यक्त गर्दछु ।
धन्यवाद !

होम प्रकाश श्रेष्ठ
अध्यक्ष, भूमे गाउँपालिका

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रूकुम पूर्वी भाग

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/०८ गते

**प्राक्कथन**

भूमे गाउँपालिका लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुम पूर्वी भागको एक स्थानीय तह हो। भौगोलिक, सामाजिक, प्राकृतिक, साँस्कृतिक र भाषिक हिसावले विबिधता भएको यस स्थानीय तहका आफ्नै बिशेषताहरु छन्। भूमे गाउँपालिकाले नेपालमा सङ्घीयता स्थापना सङ्गै स्वायत्त सरकारको रुपमा आफ्ना कार्यहरु गरीरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि स्थानीय तहलाई दिएको जिम्मेवारीलाई आत्मसाथ गर्दै नेपालको संबिधानले प्रदान गरेको हरेक नागरीकको शिक्षा पाउने मौलिक हकलाई सुनिश्चित गर्न यो योजना निर्माण गरी कार्यान्वयन चरणमा अघि बढेको छ ।

बिद्यमान शिक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, कानुन, कार्यक्रमहरुका साथै स्थानीय शिक्षा क्षेत्र योजना निर्माण मार्गदर्शन, २०७९ का व्यवस्थाहरूको आधारमा भूमे गाउँपालिकाले स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध छलफल गरी पञ्चवर्षिय पालिका शिक्षा योजना (२०८१-०८५) तयार गरीएको छ । भूमे गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको विकासका लागि तयार गरीएको यो ऐतिहासिक दस्तावेजको कार्यान्वयनबाट शिक्षा क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुने अपेक्षा गरेको छु ।

भूमे गाउँपालिकाको यस शिक्षा योजनाले शिक्षा क्षेत्रको बहु-आयामिक पहिचानलाई आत्मसात् गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन विश्लेषणका आधारमा ***'सक्षम र आत्मनिर्भर जनशक्तिः भूमेको समृद्धि'*** भन्ने दुरदृष्टिका साथ गाउँपालिकाले सबै वर्गका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै दक्ष, सकारात्मक सोच भएका उत्पादनशील जनशक्ति उत्पादन गर्ने सपना बोकेको छ ।

यस योजना निर्माण कार्यमा विशेष तत्परता देखाउनुहुने पालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, शिक्षा शाखा प्रमुख लगायत भूमे गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथै योजना निर्माणका क्रममा प्राविधिक सहयोग उपलब्ध गराउने बिज्ञ टिम र अनुसन्धान, लेखन तथा परामर्शमा योगदान पुर्याउने सबैप्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यो योजनाको कार्यान्वयनमा सबैको सहकार्यको अपेक्षा सहित सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु। धन्यवाद !

...............................

श्री देबिलाल बिक

प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रूकुम पूर्वी भाग

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/०८ गते

## मेरो भनाइ

भूमे गाउँपालिकाले शिक्षाको विकास व्यवस्थित र प्रभावकारी रूपमा कसरी गर्न सकिन्छ भन्ने सवालमा पनि प्रयासरत र उत्तिकै चिन्तनशील छ। शिक्षा क्षेत्रको विकास र उन्नयन कसरी गर्ने भन्ने सवालमा भूमे गाउँपालिकाले विशेष योजनाहरू अगाडि सारेको छ। शैक्षिक गुणस्तरका साथै आधारभूत तहसम्मको शिक्षामा सबैलाई अनिवार्य र निशुल्क शिक्षाको प्रत्याभूति दिलाउन भूमे गाउँपालिका क्रियाशिल रहेको छ ।

शिक्षामा गरीएको लगानीलाई परिणाममुखी बनाउन सबै जिम्मेवार बन्नुपर्ने अहिलेको आवश्यकता हो। यसका लागि पुरस्कार र दण्डको नीति कार्यान्वयन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रतिबद्ध छ। सबैलाई शिक्षाको पहुँचमा ल्याउन तथा युग सुहाउदो शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालाको सहभागिता र अपनत्वको खाँचो उतिकै छ। भूमे गाउँपालिकालेको वास्तविक शैक्षिक अवस्था र आगामी योजनाको रोड म्यापका रूपमा पञ्चवर्षीय शिक्षा योजना निर्माण गरीएको छ। यसमा भूमे गाउँपालिकाले शिक्षक, विद्यार्थी, नतिजा विश्लेषण, भौतिक अवस्था लगायतका पक्षसँग सम्बन्धित लक्ष्य, रणनीति, कार्यनीति तय गरीएको छ। यसले शिक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ। हचुवाका भरमा बजेट विनियोजन गर्ने प्रवृत्तिको अन्त्य यसले गर्ने विश्वास लिइएको छ ।

शिक्षाको यस योजनालाई सकेसम्म त्रुटि रहित बनाउने प्रयास गरीएको छ। कुनै त्रुटि फेला परेमा सकारात्मक सुझावको अपेक्षा समेत गर्दछु। शिक्षा योजना निर्माणका लागि आवश्यक समन्वय र निर्देशन प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहित सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु। पञ्चवर्षीय शिक्षा योजना निर्माण गरेर भूमे गाउँपालिकालेको शिक्षा क्षेत्रका योजनाहरूलाई व्यवस्थित गर्न सहयोग गर्ने साथै यस योजना बनाउनका लागी अहोरात्र खट्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

शिक्षा योजना निर्माणका क्रममा सल्लाह, सुझाव र आवश्यक तथ्याङ्क प्रदान गरेर सहयोग पुऱ्याउने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, राजनीतिक दल, बुद्धिजीवी, सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक विद्यार्थी, गाउँपालिकाको विभिन्न शाखा, फाँटमा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षाप्रेमी सबैमा विशेष आभार प्रकट गर्दछु ।

धन्यवाद !

कौशल कुमार तिवारी

शिक्षा अधिकृत

# विषय-सूचि

**विषय प्रवेश** ........ १

**परिच्छेद १** ........ ८

**परिचय** ........ ८

१.१ पृष्ठभूमि ........ ८

१.२ वर्तमान अवस्था ........ ८

१.३ मुख्य समस्याहरू ........ २८

१.४ शिक्षा क्षेत्रका चुनौतीहरू ........ २९

१.५ अवसरहरू ........ २९

१.६ भूमे गाउँपालिकाको शिक्षा क्षेत्रको समस्या बृक्ष ........ ३१

**परिच्छेद २** ........ ३२

**लक्ष्य निर्धारण** ........ ३२

२.१ दुरदृष्टिः ........ ३२

२.२ लक्ष्य ........ ३२

२.३ उद्देश्यहरु ........ ३३

२.४ रणनीतिहरू ........ ३३

२.५ कार्यनीतिहरु ........ ३८

२.६ अपेक्षित उपलब्धि ........ ४६

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ ४७

**परिच्छेदः ३** ........ ५३

**विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू** ........ ५३

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ५३

३.१.१ परिचय ........ ५३

३.१.२ वर्तमान अवस्था ........ ५४

३.१.३ लक्ष्य ........ ५६

३.१.४ उद्देश्य ........ ५६

३.१.५ रणनीतिहरू ........ ५६

३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ५७
३.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................ ६०
३.२ आधारभूत शिक्षा........................................................ ६३
३.२.१ परिचय........................................................ ६३
३.२.२ वर्तमान अवस्था ........................................................ ६३
३.२.३ लक्ष्य........................................................ ६५
३.२.४ उद्देश्य ........................................................ ६६
३.२.५ रणनीतिहरू........................................................ ६६
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ६७
३.२.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................ ७३
३.३ माध्यमिक शिक्षा ........................................................ ७८
३.३.१ परिचय........................................................ ७८
३.३.२ वर्तमान अवस्था ........................................................ ७८
३.३.३ लक्ष्य........................................................ ७९
३.३.४ उद्देश्य ........................................................ ७९
३.३.५ रणनीतिहरू........................................................ ७९
३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ८०
३.३.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................ ८६
३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा........................................................ ९१
३.४.१ परिचय........................................................ ९१
३.४.२ वर्तमान अवस्था........................................................ ९१
३.४.३ उदेश्य ........................................................ ९२
३.४.४ रणनीति........................................................ ९२
३.४.५ प्रमुख उपलब्धि तथा नतिजा........................................................ ९२
३.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................................ ९३
३.४.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................ ९४
३.५ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ........................................................ ९५
३.५.१ परिचय........................................................ ९५
३.५.२ वर्तमान अवस्था ........................................................ ९६
३.५.३ लक्ष्य........................................................ ९६

३.५.४ उद्देश्य ........ ९६
३.५.५ रणनीतिहरू ........ ९६
३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ९७
३.५.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट) ........ १००

**परिच्छेदः ४** ........ १०३

**अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ........ १०३

४.१ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्याङ्कन ........ १०३
४.१.१ परिचय ........ १०३
४.१.२ वर्तमान अवस्था ........ १०३
४.१.३ उद्देश्य ........ १०४
४.१.४ रणनीतिहरू ........ १०४
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०५
४.१.६ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ १०६
४.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट) ........ १०७
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ११०
४.२.१ परिचय ........ ११०
४.२.२ वर्तमान अवस्था ........ १११
४.२.३ उद्देश्य ........ ११२
४.२.४ रणनीतिहरू ........ ११२
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ११२
४.२.६ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ ११४
४.२.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट) ........ ११७
४.३ शैक्षिक समता तथा समावेशिकरण ........ १२०
४.३.१ परिचय ........ १२०
४.३.२ वर्तमान अवस्था ........ १२१
४.३.३ उद्देश्य ........ १२३
४.३.४ रणनीतिहरू ........ १२४
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १२४
४.३.६ शैक्षिक समता तथा समावेशिकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ १२६

४.३.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................ १२७
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम ................................................................ १२९
४.४.१ परिचय.................................................................................................... १२९
४.४.२ वर्तमान अवस्था ....................................................................................... १२९
४.४.३ उद्देश्य .................................................................................................... १३०
४.४.४ रणनीतिहरू.............................................................................................. १३०
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ................................................... १३१
४.४.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)................................................... १३३
४.५ विद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता............................................ १३५
४.५.१ परिचय.................................................................................................... १३५
४.५.२ वर्तमान अवस्था ....................................................................................... १३५
४.५.३ उद्देश्य .................................................................................................... १३६
४.५.४ रणनीति.................................................................................................. १३७
४.५.५ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य .............................................................. १३७
४.५.६ विद्यालय सुरक्षा, बिपद न्यूनिकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण................. १३८
४.५.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)................................................... १३९
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ....................................................................... १४०
४.६.१ परिचय.................................................................................................... १४०
४.६.२ वर्तमान अवस्था ....................................................................................... १४०
४.६.३ उद्देश्य .................................................................................................... १४१
४.६.४ रणनीतिहरू.............................................................................................. १४२
४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ................................................... १४२
४.६.६ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण.................. १४३
४.६.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)................................................... १४४
४.७ विद्यालयमा सूचना तथा प्रविधि .......................................................................... १४६
४.७.१ परिचय.................................................................................................... १४६
४.७.२ वर्तमान अवस्था ....................................................................................... १४७
४.७.३ उद्देश्य.................................................................................................... १४७
४.७.४ रणनीतिहरू.............................................................................................. १४८
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ................................................... १४८

४.७.६ विद्यालयमा सूचना  तथा प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण....................१४९
४.७.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)........................................................१५०

**परिच्छेद ५** ..........................................................................................................१५१

**शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास** ..................................................................१५१

५.१ संस्थागत क्षमता विकास...........................................................................................१५१
५.१.१ परिचय ..............................................................................................................१५१
५.१.२ वर्तमान अवस्था..................................................................................................१५२
५.१.३ उद्देश्य ...............................................................................................................१५३
५.१.४ रणनीतिहरू.........................................................................................................१५३
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ......................................................१५४
५.१.६ शिक्षाको संस्थागत विकास तथा सुशासनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण........... १५५
५.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट).........................................................१५६
५.२  स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.............................................................१५९
५.२.१ परिचय...............................................................................................................१५९
५.२.२ वर्तमान अवस्था ..................................................................................................१५९
५.२.३ उद्देश्य ...............................................................................................................१५९
५.२.४ रणनीतिहरू.........................................................................................................१६०
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य .......................................................१६०
५.२.६ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण........१६१
५.२.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट).........................................................१६१

**परिच्छेद ६** ..........................................................................................................१६३

**लगानी र स्रोत व्यवस्थापन**.........................................................................................१६३

६.१ लगानी र स्रोत व्यवस्थापन.........................................................................................१६३
६.१.१  परिचय..............................................................................................................१६३
६.१.२ वर्तमान अवस्था ..................................................................................................१६४
६.१.३ उद्देश्य................................................................................................................१६४
६.१.४ रणनीतिहरू.........................................................................................................१६४
६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.........................................................१६५
६.१.६ प्रमुख क्रियाकलाप, लक्ष्य र बजेट ...........................................................................१६६

६.१.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया........................................................................१७३
६.१.८ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन..........१७३

**परिच्छेद ७** ....................................................................................................१७४

**अनुगमन तथा मूल्याङ्कन**........................................................................................१७४

७.१ अनुगमन तथा मूल्याङ्कन........................................................................................१७४
७.१.१ परिचय........................................................................................................१७४
७.१.२ वर्तमान अवस्था ..............................................................................................१७४
७.१.३ उद्देश्य........................................................................................................१७६
७.१.४ रणनीतिहरू ..................................................................................................१७६
७.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..................................................... १७७
७.१.६ अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण .............................१७८
७.१.७ अनुगमन मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)............................. १७९

भूमे गाउँपालिकाका विद्यालयहरुको विवरण .....................................................................१८०

**सन्दर्भ सामग्रीहरू**.................................................................................................१८३

## विषय प्रबेश

शिक्षा समग्र विकासको जग हो । सुसंस्कृत समाज निर्माण, देशको आर्थिक समृद्धि र समाज रुपान्तरणको मुख्य आधार शिक्षा हो । समृद्ध नेपाल सुखि नेपालीको आकांक्षा देशको बैज्ञानिक र व्यवहारिक शिक्षाको सुनिश्चितताबाट मात्र प्राप्त हुन सक्दछ । जसका लागि वर्तमान अवस्थाका आधारमा भावि कार्यदिशा तय गर्नुपर्ने र कार्यान्वन गर्नुपर्ने आवश्कता हुन्छ । शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । हाल नेपाल सरकारले विद्यालय क्षेत्र शिक्षा योजना तयार गरी देशभरी लागु गरेको अवस्था छ भने प्रदेश सरकरले पनि शिक्षा क्षेत्रको योजनाको विकास गरी कार्यान्वयन गरीरहेको अवस्था छ । यसै सन्दर्भमा नेपाल सरकारले तयार गरेको विद्यालय शिक्षा क्षेत्र योजनालाई स्थानीयकरण गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता समेत रहि आएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् स्थानीय सरकार सञ्चालन ऐनले दिएका स्थानीय तहका अधिकारहरु आत्मसाथ गर्दै आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन समेत भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि हरेक स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकताका आधारमा यो भूमे गाउँपालिका रुकुम पूर्वी भागको शिक्षा योजना निर्माण गरीएको छ । यसै सन्दर्भमा यस भूमे गाउँपालिका रुकुम पूर्वी भागले आफ्नो शिक्षा योजना २०८०-२०८४ लाई पुनरावलोकन गरी पालिका शिक्षा योजना २०८१-२०८५ तयार गरीएको छ ।

नेपालको संघीय शासन ब्यवस्था अनुसार हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरु सञ्चालनमा रहेका छन् । हरेक स्थानीय तहलाई सरकार सञ्चालनमा मार्गनिर्देश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ । जसअनुसार स्थानीय तहहरुलाई क्षेत्रगत नीति निर्माण गर्न, कार्यान्वयन गर्न साथै अनुगमन तथा मूल्यांकन गर्ने जस्ता महत्वपूर्ण अधिकारहरु प्रदान गरीएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई दिएका २३ अधिकारहरु मध्ये प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा निरन्तर सिकाइका कार्यक्रमहरूको व्यवस्थापन तथा कार्यान्वयन स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्दछन् । **शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र राष्ट्रिय शिक्षा नीति २०७६** ले शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समावेशी र उत्तरदायी बनाउने दिगो मार्गचित्र प्रस्तुत गरेका छन् । भने समग्र विद्यालय शिक्षाको

विकासमा टेवा पुर्याउन विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३२ तयार भै कार्यान्वयनको अवस्थामा रहेको छ । उल्लेखित नीतिगत ब्यवस्था र सन्दर्भ अनुसार भूमे गाउँपालिका रुकुम पूर्वी भागले यस क्षेत्रको शैक्षिक जगतलाई सार्थक र प्रभावकारी बनाउन "सक्षम र आत्मनिर्भर जनशक्तिः भूमेको समृद्धि" को आकांक्षा लिई योजना मार्फत अघि बढेको छ । अन्तत: विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरीय, प्रविधिमैत्री र बालमैत्री वातावरणमा अपाङ्ग र जीवनोपयोगी शिक्षा मार्फत सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादन हुने अपेक्षा गरीएको छ ।

**शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपाल बिविधताको देश हो । भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक र भाषिक हिसावले हरेक स्थानीय तह र स्थानका फरक फरक बिशेषताहरु छन् । यि बिविधताहरुलाई सम्बोधन गर्दै शिक्षाका राष्ट्रिय लक्ष्यहरु समेतलाई अंगिकार गरी स्थानीय माटो र सन्दर्भ सुहाउँदो नीति, योजना र कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता हो । नेपालको संविधान २०७२ को धारा ३१ ले शिक्षा सम्बन्धी हकको ब्यवस्था गरी शिक्षा नागरीकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ भने आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउनुका साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने संबैधानिक प्रावधान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ भने यसै ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य गरेको छ ।

विद्यालय शिक्षामा आर्थिक, सामाजिक, भौगोलिक तथा शारीरिक बाधाहरूका कारण सुविधाविहीन, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अझै चुनौतीपूर्ण छ । विद्यालय शिक्षामा सबैको समान सहभागिता र न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र शैक्षिक गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan - SESP), सन् २०२२–२०३२ विकास गरी कार्यान्वयन गरेको छ । यसै सन्दर्भमा भूमे गाउँपालिका रुकुम पूर्वी भागले शिक्षा क्षेत्रको परिमाणात्मक लक्ष्य हासिल गर्न ५ बर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरेको छ ।यस पञ्चवर्षीय योजनाले अवको ५ वर्षभित्र भूमे गाउँपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्दन सेवा प्रवाहको

प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पुरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरा लाई ख्याल गरीएको छ ।

यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरू लाई समेटिएको छ ।

**भूमे गाउँपालिकाको शिक्षा योजना निर्माणको औचित्य**

भूमे गाउँपालिकाको शिक्षा योजना निर्माणको औचित्य निम्नानुसार रहेको छ –

१. सबैका लागि समाबेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न,
२. स्थानीय आवश्यकता, सन्दर्भ र परिबेश अनुसारका शिक्षाका कार्यक्रम तय गरी व्यवहारिक र व्यवसायिक शिक्षाका सेवाहरु प्रवाह गर्न,
३. अतिबिपन्न, सिमान्तकृत र अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा मूलप्रवाहिकरण गर्न,
४. तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न
५. संघ र प्रदेशबाट प्रदान गरीने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
६. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
७. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
८. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

**शिक्षा योजना निर्माणका आधारहरु –**

क. नेपालको संविधान, २०७२
ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४
ग. शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९
घ. अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

ङ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

च. विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ. शिक्षा नीति मूल राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज. सोह्रौ आवधिक योजना

झ. भूमे गाउँपालिकाको शिक्षा ऐन

ञ. विद्यालय विनियमावली कार्यबिधी, २०८१

ट. स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यबिधि, २०७९

ठ. भूमे गाउँपालिकाको शिक्षा नियमावली, २०७४

ड. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ढ. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ण. स्थानीय तहको मध्यमकालिन खर्च संरचना

त. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

थ. भूमे गाउँपालिकाको आवधिक योजना

**भूमे गाउँपालिकाको शिक्षा योजना निर्माण प्रक्रिया –**

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शनलाई आत्मसाथ गर्दै यस भूमे गाउँपालिकाको ५ बर्षे शिक्षा योजना निर्माणका लागि पालिका अन्तर्गतका शिक्षा समिति प्रतिनिधि, जनप्रतिनिधि, शिक्षक, कर्मचारी, बुद्दिजिवी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि लगायत सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरीएको छ । सबै क्षेत्रका सरोकारवालाहरुको सहभागितामा बैठको आयोजना गरी योजना निर्माणका लागि बिज्ञहरुको कार्यदल गठन मार्फत शिक्षा योजना विकासको कार्य गरीएको छ । यस शिक्षा योजना निर्माणमा तपसिलका चरण तथा प्रक्रियाहरुको आवलम्वन गरीएको छ ।

- भूमे गाउँपालिका रुकुम पूर्वी भागको शिक्षा समिति र सरोकारवालाहरुको मिति २०८१ श्रावण ०४ गतेको बैठकबाट शिक्षा योजना निर्माणका लागि १३ सदस्यहरु रहेको योजना निर्माण कार्ददल गठन गरेको र कार्यदलका सदस्यहरुले कार्यबिभाजन गरी जिम्मेवारीका साथ कार्य गरेको ।
- योजना निर्माण कार्यदलको मिति २०८१ श्रावण २९ गतेको बैठकबाट ७ सदस्यिय मस्यौदा लेखन उपसमिति निर्माण गरी लेखन कार्य गरीएको ।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरीएको ।
- योजनाको खाका तयार गरी योजनाले समेट्ने विषय वस्तु माथि छलफल भएको ।

- योजनाको लागि LGSESP Data Toolkit को प्रयोग मार्फत वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरीएको ।
- सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाको शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्यावृक्ष, SWOT analysis तथा Gap analysis गरीएको ।
- शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरीएको ।
- मिति २०८१ पौष १९ गते मुख्य सरोकारवालाबाट योजनाको मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरी सुझाव तथा पृष्ठपोषण सङ्कलन गरी समाबेश गरीएको ।
- सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तथा भाषिक सम्पादन गरीएको ।
- योजनाको लेखाजोखा समिति निर्मा गरी बिविध पक्षहरुमा लेखाजोखा गरीएको ।
- भूमे गाउँ कार्यपालिकाको मिति २०९१ फागुन २१ गतेको बैठकबाट स्वीकृत भएको ।

**योजनाको लेखाजोखा**

यस भूमे गाउँपालिकाको शिक्षा योजना निर्माण गरीसकेपछि योजनालाई बिश्वासनीय, बस्तुनिष्ठ र लगानीयोग्य छ छैन भन्ने जान्नका लागि योजनाका बिविध पक्षहरुलाई समेटेर बाह्य बिज्ञहरुमार्फत लेखाजोखा गरीएको छ । योजनाको लेखाजोखामा समेटेका बिविध पक्षहरुलाई निम्नानुसार प्रस्तुत गरीएको छ ।

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता | गाउँपालिकाको शिक्षा योजना निर्माणमा सुरुवात देखि नै सरोकारवालाहरुको सहभागिता रहेको र कार्यपालिकाको बैठकबाट समेट कार्यदलको अनुमोदन गरीएको गाउँपालिका अध्यक्षज्यूको संयोजकत्वमा योजना निर्माण कार्यदल गठन गरीएको, योजना निर्माण कार्यदलले सरोकारवालासंगको परामर्श र सल्लाहमा योजनाको मस्यौदा तयार गरेको साथै उपलब्ध तथ्याङ्क तथा स्रोत र LGSESP Data Toolkit बाट तथ्यांको संकलन तथा बिश्लेषण गरेको, विभिन्न समयमा जनप्रतिनिधी, प्र.अ., शिक्षक तथा अन्य सरोकारवालासँग आवश्यक छलफल तथा परामर्श गरेको । |
| २ | पर्याप्तता र सान्दर्भिकता | योजना निर्माण कार्यदलले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा SWOT Analysis गरी पालिकाको शिक्षा क्षेत्रका समस्या, चुनौती तथा अवसरहरु तय गरी सोही अनुरुप रणनीति, कार्यक्रम तथा क्रियाकलापहरु तय गरेको |

| | | |
|---|---|---|
| ३ | समता, सक्षमता तथा गुणस्तर | शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमहरु, दिगो विकासका लक्ष्य र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी योजना तयार गरीएकोले योजनामा समाबेश कार्यक्रम तथा गतिविधिहरु समता, सक्षमता र गुणस्तरलाई सम्बोधन गर्ने गरी निर्धारण गरीएको |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य | यस शिक्षा योजनामा समाबेश शिक्षाका उपक्षेत्रहरु एक आपसमा अन्तरसम्बन्धित रहेका छन् । योजनाले शिक्षालाई भौतिक पूर्वाधार विकास, शिक्षाको गुणस्तर सुधार, विपद् व्यवस्थापन, प्राविधिक तथा व्यवसायिक शिक्षा, दिवा खाजा र स्वास्थ्य, सुरक्षा, प्रविधि विकास लगायतका क्षेत्रसँग अन्तरसम्बन्ध र तादत्म्यता कायम गरेको छ । सोह्रौं योजना तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी आन्तरिकीकरण गरीने रणनीतिहरु तय गरेका विषयहरुलाई समाबेश गरीएको छ । यस योजनामा समेटिएका विभिन्न उपक्षेत्र र अन्तरसम्बन्धित विषयबिच सम्बन्ध कायम भएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्य तथा सान्दर्भिकता | पालिकाको शिक्षा योजना पालिकामा उपलब्ध तथ्याङ्क र विभिन्न प्रतिबेदनमा भएका तथ्याङ्कहरुलाई LGSESP Data Toolkit को माध्यामबाट अध्ययन तथा बिश्लेषण गरी वर्तमान अवस्था पहिचान गरीएको छ जसले गर्दा शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने बाटो देखाइदिएको छ । साथै योजनामा तय गरीएका रणनीति तथा कार्यक्रमहरु तत्कालीन समस्या तथा चुनौतीलाई सम्बोधन गर्ने तथा भविष्यलाई समेत हेरी सोही अनुरुपका अनुमान तय गरीएका छन् । यस पालिका भित्रका पिछडिएका, अतिबिपन्न तथा अल्पसंख्यक वर्गलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरुको दिगो सहभागितालाई लक्षित गरीएको छ । पालिकाको शिक्षा क्षेत्रका र अन्य अन्तरसम्बन्धित विषय क्षेत्रका सूचकहरुलाई समेत मध्यनजर गरी योजना निर्माण गरेकोले यस अवधिमा तय गरीएका कार्यक्रम कार्यान्वयन योग्य र सान्दर्भिक रहेका छन् । |
| ६ | स्रोतको प्रबन्ध | पालिकाको यस शिक्षा योजनाले तय गरेका कार्यक्रमहरु र लगानीको अवस्थालाई हेर्दा स्थानीय स्रोत र साधनको अभाव देखिन्छ । पालिकामा प्राप्त हुने संघीय तथा प्रदेशको अनुदानले मात्र लक्षित कार्यक्रम सम्पादन गर्न कठिन छ । तर बजेटको परिपुर्तिका लागि संघ र प्रदेश सरकार, आफ्नो आन्तरिक स्रोत, विभिन्न संघसंस्था तथा दातृ निकायहरुको सहयोग एवम् स्थानीय जनसहभागिता र विद्यालयहरुको आन्तरिक स्रोत व्यवस्थापनलाई सवलीकरण गरी स्रोत व्यवस्थापन गर्न सकिने रणनीति उल्लेख भएको छ । |

| | | |
|---|---|---|
| ७ | संस्थागत क्षमता | शिक्षासँग सम्बद्ध शिक्षा समिति, प्रधानाध्यापक तथा शिक्षक, रोष्टर समूह लगायत पालिकाको अनुगमन समितिलाई परिचालन र उनीहरुको निरन्तर क्षमता र पेशागत विकासको अवसरलाई यस योजनाले सम्बोधन गर्ने कार्यक्रमहरु तय गरेको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | यो योजना निर्माणमा स्थानीय सरकारका प्रतिनिधिहरु स्वयंको सहभागिता रहेकोले र स्थानीय सन्दर्भमा आधारीत कार्यक्रमको तय हुनुले शिक्षा योजना कार्यान्वयनमा तत्परता रहेको पुष्टि हुन्छ । |
| ९ | तथ्याङ्क विश्लेषण प्रक्षेपण | यस योजना निर्माणका क्रममा मुख्यतया IEMIS तथ्याङ्क, राष्ट्रिय जनगणना प्रतिवेदन २०७८, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट, र स्थानीय तहका अन्य विषयगत क्षेत्रका तथ्याङ्कहरुको विश्लेषण गरी प्रक्षेपण गरीएको छ भन तथ्याङ्क बिश्लेषणका लागि स्थानीय तहको शिक्षा योजना निर्माण मार्गदर्शनले निर्देश गरे बमोजिम LGSESP Data Toolkit को प्रयोग गरीएको छ |
| १० | अनुगमन र प्रतिवेदन | भूमे गाउँपालिकाको शिक्षा योजनाको परिच्छेद ७ मा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था गरीएको छ। |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सङ्घीय व्यवस्था हुनु पूर्व रुकुम जिल्ला साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको रुकुम जिल्लाभित्र रहेको थियो । तर सङ्घीय संरचना अनुसार साविकको रुकुम जिल्लालाई रुकुम पूर्वी भाग र पश्चिम भाग गरी दुई वटा जिल्लामा विभाजन गरीयो । यसरी दुई भागमा विभाजन भएको हालको रुकुम जिल्लाको पश्चिम भाग कर्णाली प्रदेश र पूर्वी भाग लुम्बिनी प्रदेशमा पर्दछ । सङ्घीय व्यवस्थाले जन्माएको रुकुम पूर्वी भाग हिमाली जिल्लामा सिस्ने गाउँपालिका, भूमे गाउँपालिका र पुथा उत्तरगङ्गा गाउँपालिका गरी जम्मा तीनवटा गाउँपालिका रहेका छन् । यि तीनवटा गाउँपालिका मध्येको एक हो भूमे गाउँपालिका ।

## १.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ को धारा ३१ को मौलिक हक, शिक्षा ऐन तथा नियमावली, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अन्तराष्ट्रिय दस्ताबेज दिगो विकासका लक्ष्य नं. ४ ले सबै नागरीकलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुर्याउनु पर्ने सुनिश्चितता गरेको छ । अझ भन्ने हो भने अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले वि.सं. २०८५ सम्म सबै नागरीकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था गरेको छ । यसका साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत तह व्यवस्थापन तथा कार्यान्वयनका लागि २३ वटा अधिकारहरु सुम्पिएको छ । प्रारम्भिक बालविकास, माध्यमिक शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनसम्मका महत्वपूर्ण अधिकारहरू स्थानीय तहका जिम्मेवारीका रुपमा उल्लेख छन् । र नेपालको सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) ले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ भने संयुक्त राष्ट्र संघद्वारा घोषित दिगो विकास लक्ष्य २०१५-०३० को लक्ष्य नं. ४ ले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाइका अवसरहरूको प्रवर्द्धन गर्ने उद्देश्यलाई सन् २०३० सम्ममा पुरा गर्नका लागि नेपालले पनि प्रतिबद्धता जनाएको छ । उल्लेखित नीतिगत व्यवस्थाहरुलाई आत्मसाथ गर्दै स्थानीय सरकारका नीति, योजना र कार्यक्रमहरुको विकास गरी कार्यान्वयन मार्फत लक्षित गरीएका लक्ष्यहरु हासिल गर्न स्थानीय सरकार लाग्नु पर्ने आजको आवश्यकता हो ।

विद्यमान आर्थिक, सामाजिक, भौगोलिक र शारीरिक लगायतका बिविध कारणहरुले बाधाहरु भई अझैपनि विद्यालय उमेरका बालबालिकाहरु शिक्षाबाट वञ्चित भएको अवस्था छ । सुविधाविहीन, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी उनिहरुको न्यूनतम सिकाइ उपलब्धि हासिल मार्फत समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता वृद्धि गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८ लागू गरेको छ। यसै शिक्षा योजनालाई स्थानीकरण गरी नेपाल सरकारले लिएका शैक्षिक नीतिगत प्रतिबद्धता र अन्तर्राष्ट्रिय लक्ष्यहरूलाई कार्यान्वयन गर्नका लागि भूमे गाउँपालिकाले पाँचवर्षे शिक्षा योजना २०८१-२०८५ निर्माण गरेको छ ।

भूमे गाउँपालिकाको यस योजनाले शिक्षा क्षेत्रका नीति, योजना, कानुनी व्यवस्था र घोषणाहरूको मर्मअनुसार "*सक्षम र आत्मनिर्भर जनशक्तिः भूमेको समृद्धि*" को आकांक्षाका साथ स्थानीय शिक्षालाई सुव्यवस्थित गर्दै गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय नारा साकार पार्न उल्लेख्य योगदान पुर्याउने अपेक्षा गरेको छ ।

**क. भूमे गाउँपालिकाको भौगोलिक अवस्थिति**

| विषय | विवरण |
|---|---|
| परिचय | भूमे गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुकुम पूर्वी भाग जिल्लामा अवस्थित मध्यपहाडी राजमार्गसँग जोडिएको एक स्थानीय तह हो । |
| **नेपालको मानचित्रमा रहेको भूमे गाउँपालिकाको भौगोलिक अवस्थिति** | |
| प्रदेश | लुम्बिनी |
| जिल्ला | रुकुम पूर्वी भाग |
| नगरपालिका | भूमे गाउँपालिका |
| वडा सङ्ख्या | ९ |
| भौगोलिक अवस्थिति | ८२ डिग्री ३२ मिनेट देखि ८२ डिग्री ५४ मिनेट पूर्वी देशान्तरसम्म र २८ डिग्री ४० मिनेट देखि २८ डिग्री २९ मिनेट उत्तरी अक्षांशसम्म |
| क्षेत्रफल | २७३.६७ वर्ग किलोमिटर |
| उचाई | ११०० मिटर देखि ३९९७ मिटरसम्म |
| सिमाना | पूर्वतर्फ : निसिखोला गाउँपालिका, बागलुङ |
| | पश्चिमतर्फः सिस्ने गाउँपालिका र मुसिकोट नगरपालिका |
| | उत्तरतर्फः पुथाउत्तरगङ्गा गाउँपालिका |
| | दक्षिणतर्फः दुइखोली, थवाङ र सुनछहारी गाउँपालिका रोल्पा |

| | |
|---|---|
| जलवायु | समशितोष्ण |
| वडा र केन्द्र रहेको स्थान | वडा नं. १ : लुगुम गाउँ |
| | वडा नं. २ : काक्री गाउँ |
| | वडा नं. ३ : मोरावाङ गाउँ |
| | वडा नं. ४ : काँडा गाउँ |
| | वडा नं. ५ : सेरावाङ गाउँ |
| | वडा नं. ६ : महत गाउँ |
| | वडा नं. ७ : धर्मशाला गाउँ |
| | वडा नं. ८ :पोखरापाटा गाउँ |
| | वडा नं. ७ : चुनवाङ गाउँ |
| सडक सञ्जाल | भूमे गाउँपालिकाको वडा नं.१, २, ३ र ४ लाई पुष्पलाल मध्यपहाडी लोकमार्ग छोएको छ भने वडा नं. २, ६ र ७ सहिद मार्ग गरी दुई ठूला राष्ट्रि आयोजनाहरूले जोडेको छ । त्यसैगरी १३ वटा कच्ची ग्रामीण मौस सडकहरूबाट सबै वडालाई सडक सञ्जालमा जोडिएका छन् । |

**ख. भूमे गाउँपालिकाको नामाकरण**

भूमे गाउँपालिकामा अधिकांश मगर समुदायको बाहुल्यता रहेको छ । स्थानीय मगर संस्कृति अनुसार हरेक वर्षको असार १ गतेका दिन भूमिलाई पूजा गरीन्छ । भूमे पर्व अर्थात भूमि पुजा यहाँका स्थानीयहरुको परम्परागत र मौलिक पर्व हो । सबैको भलाई हुने, उत्पादनमा बृद्दि हुने, बालिनालिमा किरा रोग नलागोस, प्राकृतिक प्रकोप नआउन, मानव जीवनमा पनि अफ्ठेरो नपरोस भूमि अर्थात भूम्याले सबैको रक्षा गरुन भनि भूमि र देविदेवताको पुजा गर्दे ३ देखि ७ दिनसम्म यो पर्व हर्ष उल्लासका साथ मनाइन्छ । भूम्या पूजाको दिन गाउँमा वर्षभरिको आयव्ययको प्रस्तुत गरी गाउँको मुख्य प्रतिनिधि र संबाहक (मिझार) परिवर्तन गर्ने इतिहास भएपनि संङ्घीयता पश्चात गाउँपालिकाले यस पर्वलाई हरेक बर्ष उत्सवको रुपमा आयोजना गरी मनाउँदै आएको छ । भूमे गाउँपालिका क्षेत्रका मगर समुदायको भावना, पहिचान र एकतासंग जोडिएको परापूर्वकालदेखि बिशेष रुपमा मनाउँदै आएको पर्व भूमि (भूम्या) को नामबाट यस गाउँपालिकाको नाम भूमे रहन गएको हो । यसर्थ भूमे गाउँपालिका मगरहरुको Live Culture, परम्परागत भाषा संस्कृति, पर्व, विभिन्न नाच आदिका कारण अनेकतामा एकता भएको सांस्कृतिक रुपमा धनी गाउँपालिका हो । खासगरी नगदे बालीमा आधारित कृषि क्षेत्रको लागि प्रचुर सम्भावना रहेको, वन तथा वातावरणको पर्याप्त स्रोत रहेको, साना उद्योगको सम्भावना रहेको, प्राकृतिक तथा कृत्रिम पर्यटनको अधिक सम्भावना रहेको, मध्यपहाडी लोकमार्गले बीचैबाट छेडेको, व्यापारिक

सम्भावनाहरु जस्ता कारणले भूमे गाउँपालिकामा स्रोत र साधनको व्यवस्थित परिचालन र अधिकतम उपयोग गर्न सकिने अवसर यस गाउँपालिकामा छ ।

प्राकृतिक हिसाबले यो गाउँपालिका वन तथा खनिज पदार्थ लगायत प्राकृतिक स्रोतमा धनी गाउँपालिकाको रूपमा परिचित छ । हालसम्म परम्परागत खेतीमा आधारित रहेको तर विषादी रहित खेती प्रणाली अङ्गालेको यस गाउँपालिकाको खेतीयोग्य जमिन एक चौथाइ भाग मात्र रहेको छ भने बाँकी भाग बनजङ्गल तथा भिरपाखाले ढाकेको छ । यहाँको माथिल्लो भागमा वर्षमा ४ महिना हिउँ पर्ने हिमाली भाग पनि भएको हुँदा यस गाउँपालिकाको मौसम चिसो हुने गर्दछ । खेतीयोग्य जमिन प्रशस्त भएता पनि यहाँ सिँचाई लगायतका कृषकहरूका लागि आधुनिक सुविधाहरू पर्याप्त नभएको हुँदा आकाशे खेतीमा निर्भर कृषकहरूले सोचे अनुरूप उत्पादन गर्न सकिरहेका छैनन । यहाँको समुदाय परम्परागत कृषि, पशुपालन र पुरानै प्रकृतिका उद्यमशीलतामा बढी मात्रामा निर्भर भएको हालको अवस्थाले ब्यवसायमा बिविधिकरण र रुपान्तरण खोजिरहेको अवस्था छ ।

सामान्यतया यहाँको उत्पादनले बर्षभरी खाना नपुग्ने र रोजगारीका अन्य विकल्पहरू केही नभएको हुँदा सामान्यतया यहाँको समुदाय दैनिक घरायसी ज्याला मजदुरी जस्ता वैकल्पिक जीविकोपार्जनमा निर्भर हुने गरेको छ । तथापि कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै अगाडि बढेको हुँदा आर्थिक उन्नति हुँदै गएको छ । यस भूमे गाउँपालिकामा रोजगारीका लागि निजामती सेवा, शिक्षण, सुरक्षा निकाय जस्ता ठाउँहरूमा बिस्तारै प्रवेश बढेको छ भने यस क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या पनि अत्यधिक छ ।

### ग. भूमे गाउँपालिकाको जनसांख्यिकि संरचना

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार भूमे गाउँपालिकाको जनसङ्ख्या १९,८२९ रहेको छ भने जम्मा परिवार सङ्ख्या ४२११ रहेको देखिन्छ । जम्मा जनसङ्ख्या मध्ये १०४०९ महिला र ९४२० पुरुषहरूको सङ्ख्या रहेको छ । जस अनुसार लैङ्गिक अनुपात ९०.५० पुरुष प्रति १०० महिला रहेको छ । वडागत रूपमा जनसङ्ख्या हेर्दा भूमे गाउँपालिकाको जनसङ्ख्या वडा नं. १ मा २७१३, वडा नं. २ मा २२८८, वडा नं. ३ मा २३२५, वडा नं. ४ मा १४३४ छ । यसैगरी वडा नं. ५ मा १४३२, वडा नं. ६ मा १८०८, वडा नं. ७ मा १५४०, वडा नं. ८ मा २६३३ र वडा नं. ९ मा ३६५७ जनसङ्ख्या रहेको छ भने यस पालिकामा अपाङ्गता भएकाहरूको जनसङ्ख्या ४.७ प्रतिशत रहेको छ ।

तालिका १

भूमे गाउँपालिकाको वडागत जनसङ्ख्या

| वडा नं. | महिला | पूरुष | जम्मा | महिलाको प्रतिशत | घरधुरी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १४२५ | १२८८ | २७१३ | ५२.५२ | ५४२ |
| २ | ११९४ | १०९४ | २२८८ | ५२.१९ | ४६६ |
| ३ | १२३२ | १०९३ | २३२५ | ५२.९९ | ५१२ |
| ४ | ७४६ | ६८८ | १४३४ | ५२.०२ | २७१ |
| ५ | ७७३ | ६५९ | १४३२ | ५३.९८ | २७२ |
| ६ | ९५३ | ८५५ | १८०८ | ५२.७१ | ३७१ |
| ७ | ७५५ | ७८४ | १५३९ | ४९.०६ | ३२० |
| ८ | १४१४ | १२१९ | २६३३ | ५३.७० | ४७२ |
| ९ | १९१७ | १७४० | ३६५७ | ५२.४२ | ६०९ |
| जम्मा | १०४०९ | ९४२० | १९८२९ | ५२.४९ | ३८३५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका २

भूमे गाउँपालिकाको उमेरगत जनसङ्ख्या

| उमेर समूह | महिला | पूरुष | जम्मा | जम्मा सङ्ख्याको % | कैफियत |
|---|---|---|---|---|---|
| ००-०४ बर्ष | ९३८ | १००५ | १९४३ | ९.८० | |
| ०५-०९ बर्ष | १००३ | ९९१ | १९९४ | १०.०६ | |
| १०-१४ बर्ष | १११९ | १००९ | २१२८ | १०.७३ | |
| १५-१९ बर्ष | ११७७ | ११४० | २३१७ | ११.६८ | |
| २०-२४ बर्ष | ११२१ | ८५८ | १९७९ | ९.९८ | |
| २४-२९ बर्ष | ७७२ | ७१२ | १४८४ | ७.४८ | |
| २९-३४ बर्ष | ६६१ | ५९१ | १२५२ | ६.३१ | |
| ३५-३९ बर्ष | ५६५ | ४७९ | १०४४ | ५.२७ | |
| ४०-४४ बर्ष | ५४३ | ४०८ | ९५१ | ४.८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५-४९ बर्ष | ४८९ | ३९६ | ८८५ | ४.४६ | |
| ५०-५४ बर्ष | ४५८ | ४६७ | ९२५ | ४.६६ | |
| ५५-५९ बर्ष | ४२९ | ३८२ | ८११ | ४.०९ | |
| ६०-६४ बर्ष | ४०८ | ३३७ | ७४५ | ३.७६ | |
| ६५-६९ बर्ष | २६० | २५९ | ५१९ | २.६२ | |
| ७०-७४ बर्ष | २६८ | २०४ | ४७२ | २.३८ | |
| ७५-७९ बर्ष | १२८ | १०५ | २३३ | १.१८ | |
| ८०-८४ बर्ष | ४१ | ५७ | ९८ | ०.४९ | |
| ८५-८९ बर्ष | १७ | १३ | ३० | ०.१५ | |
| ९०-९४ बर्ष | ७ | ५ | १२ | ०.०६ | |
| ९५ बर्ष भन्दा माथि | ५ | २ | ७ | ०.०४ | |
| जम्मा | १०४०९ | ९४२० | १९८२९ | १००.०० | |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## तालिका ३
## भूमे गाउँपालिकाको अपाङ्गताको प्रकृतिका आधारमा जनसङ्ख्या

| अपाङ्गताको प्रकार | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| शारीरिक अपाङ्गता | २३७ | १५६ | ३९३ | ४२.१ |
| दृष्टि सम्बन्धी अपाङ्गता | ६४ | ६४ | १२८ | १३.७ |
| श्रवण सम्बन्धी अपाङ्गता | १२२ | ११४ | २३६ | २५.३ |
| मनोसामाजिक अपाङ्गता | ५ | ४ | ९ | १.० |
| दृष्टि र श्रवण सम्बन्धी अपागंता | ७ | ११ | १८ | १.९ |
| बोलाइ सम्बन्धी अपागंता | ३६ | २४ | ६० | ६.४ |
| बौद्धिक अपाङ्गता | २ | ३ | ५ | ०.५ |
| हेमोफिलिया | ६ | ६ | १२ | १.३ |
| अटीजम | ० | ४ | ४ | ०.४ |
| बहु अपाङ्गता | २५ | ४३ | ६८ | ७.३ |
| जम्मा | ५०४ | ४२९ | ९३३ | ४.७५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## तालिका ४

## भूमे गाउँपालिकाको अपाङ्गताका आधारमा वडागत जनसङ्ख्या

| वडा | जम्मा जनसङ्ख्या | अपाङ्गता भएका सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २७१३ | ७८ | २.९ |
| २ | २२८८ | १२९ | ५.६ |
| ३ | २३२५ | ७३ | ३.१ |
| ४ | १४३४ | ४९ | ३.४ |
| ५ | १४३२ | ५९ | ४.१ |
| ६ | १८०८ | ९६ | ५.३ |
| ७ | १५३९ | १५३ | ९.९ |
| ८ | २६३३ | ९५ | ३.६ |
| ९ | ३६५७ | २०१ | ५.५ |
| जम्मा | १९८२९ | ९३३ | ४.७ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

उल्लेखित तथ्याङ्क अनुसार भूमे गाउँपालिकामा जम्मा ९३३ जना अपाङ्गता भएका ब्यक्तिहरको सङ्ख्या देखिन्छ । जसमध्ये ५०४ पुरुष र ४२९ महिलाको सङ्ख्या छ भने सबैभन्दा धेरै अपाङ्गता भएका ब्यक्तिको सङ्ख्या वडा नं. ९ मा देखिन्छ । यसका साथै शारिरीक अपाङ्गता भएका ब्यक्तिको सङ्ख्य सबैभन्दाधेरै अर्थात जम्मा अपाङ्गताको ४२.१ प्रतिशत र दोस्रोमा श्रवण सम्बन्धी अपाङ्गता भएका ब्यक्ति २५.३ प्रतिशत देखिन्छ ।

## तालिका ५

## भूमे गाउँपालिकाको जातजातिका आधारमा जनसङ्ख्या

| क्रस | जातजाति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मगर | ६८९६ | ६३१२ | १३२०८ | ६६.६१ |
| २ | बिश्वकर्मा | १७०० | १४९५ | ३१९५ | १६.११ |
| ३ | क्षेत्री | ८७१ | ८११ | १६८२ | ८.४८ |
| ४ | परियार | ४४२ | ३६५ | ८०७ | ४.०७ |
| ५ | गुरुङ | १९९ | १८९ | ३८८ | १.९६ |
| ६ | नेवार | १५० | १२५ | २७५ | १.३८ |
| ७ | ठकुरी | ५८ | ४४ | १०२ | ०.५१ |
| ८ | सन्यासी | ४४ | ३९ | ८३ | ०.४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | थकाली | १२ | १० | २२ | ०.११ |
| १० | ब्राहमिन | ९ | १४ | २३ | ०.११ |
| ११ | घले | ७ | ७ | १४ | ०.०७ |
| १२ | अन्य | २१ | ९ | ३० | ०.१५ |
| | जम्मा | १०४०९ | ९४२० | १९८२९ | |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

यस भूमे गाउँपालिकाको उल्लेखित तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी जनसङ्ख्या मगरको देखिन्छ । यस गाउँपालिकाको जम्मा १९८२९ जनसङ्ख्या मध्ये १३२०८ जनसङ्ख्या मगरको छ । यसैगरी दोस्रोमा दलित समुदाय मध्येको बिश्वकर्माको रहेको छ । जसअनुसार ३१९५ बिश्वकर्मा रहेको देखिन्छ भने तेस्रोमा क्षेत्री समुदायको जनसंङ्ख्या १६८२ रहेको देखिन्छ ।

**घ. भूमे गाउँपालिकाको आर्थिक अवस्था (पेशा ब्यवसाय कृषि पर्यटन)**

भूमे गाउँपालिका मुख्यत: कृषि पेसामा निर्भर रहेको छ । यस गाउँपालिकाको कृषि सर्बेक्षण २०७४ अनुसार कुल भू-भाग २४८९० हेक्टर मध्ये १४८३९ हेक्टर अर्थात ५९.६१ प्रतिशत भु-भाग वन क्षेत्रले ओगटेको छ । कुल भु-भागको १५.७३ प्रतिशत(३९१५ हेक्टर) खेतीयोग्य जमिन मध्ये ३०६८ हेक्टर अर्थात १२.३२ प्रतिशत भू-भागमा खेती भैरहेको देखिन्छ । साथै कुल भु-भागको ०.१७ प्रतिशत (४३ हेक्टर) खेत, १२.१५ प्रतिशत (३०२५ हेक्टर) पाखो जमिन रहेको छ । यस क्षेत्रको मुख्यक पेशा कृषि र पशुपालन हो । कृषिमा बिशेषगरी मकै, गहुँ, धान, तरकारी, फापर, तोरी, खुर्सानी आलु, लसुन, प्याज, सिमि, बोडी भट्मास, कोदो, मसुरोको खेती गरीन्छ । फलफूल खेतीमा सुन्तला, केरा, ओखर, कागती, आरु, पलम, स्याउ र नास्पती खेती गरीन्छ । यसैगरी पशुपालनमा भेडा, गाइ, भैसी, बंगुर, सुँगुरको पालन गरीन्छ । यस गाउँपालिकाको पछिल्लो पुस्ता बजार क्षेत्रमा ब्यापार ब्यवसायमा जोडिएको छ भने बैदेशिक रोजगारीमा जाने युवाहरु पनि प्रशस्तै छन् । बैदेशिक रोजगारमा रहेका युवाहरुको बैदेशिक विप्रेशण (रेमिट्यान्स) पनि आम्दानीको स्रोत हो । निजामती सेवामा प्रवेश गर्ने युवाहरुको आकर्षण पनि बढ्दै गैरहेको अवस्था छ । आर्थिक रुपमा सक्रिय जनसङ्ख्या कृषि, नोकरी, ज्यालादारी, , वैदेशिक रोजगारी, व्यापार, घरेलु बुनाई, घरधन्दा आदि पेसामा आवद्ध छन् । परम्परागत खेती र पशुपालनमा संलग्न धेरै भएपनि व्यवसायिक कृषि खेती र पशुपालनमा भने निकै कम संलग्न छन् ।

भूमे गाउँपालिका पर्यटकिय हिसावले निकै धनि छ भने पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ । यस क्षेत्रका प्रमुख पर्यटकिय स्थलहरु निम्न छन् –

तालिका ६

भूमे गाउँपालिकाका पर्यटकिय स्थलहरु

| | |
|---|---|
| प्राकृतिक पर्यटकिय स्थल | मारिङ क्षेत्र |
| | गुरांसे |
| | झुम्लावाङ तामाखानी |
| | चम्वाङ गुफा |
| | तिलाचन दह |
| | पातीहाल्ने |
| | चौंरी छैवाङ |
| | चुङ्री लेक |
| | तीन बहिनी लेक |
| | मैनासन्धि गुफा चुनवाङ |
| साँस्कृतिक पर्यटकिय क्षेत्र | भूमि पुजा र भूमे नाच |
| | मगर बस्ती लुगुम र महत |
| | झाँक्री नाच |
| | झाँक्री पार्क |
| | धनमाया पार्क |
| | तान्त्रिक नचारु नाच |
| | धङ्गे नाच |
| ऐतिहासिक पर्यटकिय स्थल | गणतन्त्र संग्राहलय भेरीडाँडा |
| | महत युद्द स्मारिका |
| | क्याङ्सी र लुकुम जनसेना तालिम केन्द्र |
| | क्याङ्सी मोडेल स्कुल |
| | आदिवासी जनजाती संग्राहलय |
| | झुम्लावाङ राजदरवार |
| धार्मिक पर्यटकिय स्थल | शिद्द बराह मन्दिर |
| | चर्च भवन डालिवाङ र सेरावाङ |
| | पन्चासे मन्दिर |
| | राम्ली बराह थान |
| | सरयु फूल टिप्ने लेक |
| | भूमि पुजा स्थलहरु |

## भूमे गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाः

शिक्षा देशको मेरुदण्ड हो र समाज विकासको आधार हो । भनिन्छ, वर्तमानमा प्रदान गरेको शिक्षाले आगामी आधा शताब्दीलाई प्रभाव पार्दछ । तीव्र विकासको आशा राख्ने वर्तमान समाजमा नवीनतम प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमता सहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनु पर्छ भन्नेमा दुतमत छैन। भूतमा भएका प्रगति वर्तमानमा गरीएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ । शिक्षा क्षेत्रमा यस अघि सफल मानिएका विधि पद्धति तथा प्रमाणयोग्य तथ्यहरूलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ । नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेर समेत निर्धारण गरीएको छ । जसअनुसार प्रारम्भिक बालविकास ३ देखि ४ वर्ष, आधारभूत तहका लागि ५ देखि १२ वर्ष र माध्यमिक तहका लागि १३ देखि १६ वर्ष उमेर समूह निर्धारण गरेको छ । शैक्षिक हिसाबमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ३४ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् ।

तालिका ७

भूमे गाउँपालिकाको साक्षरताको अवस्था

| वडा नं. | ५ वर्ष माथिको जनसङ्ख्या | | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न लेख्न नसक्ने | | नखुलेको | | साक्षरता दर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | १२८७ | ११४५ | ७८८ | ९१२ | ७ | ७ | ४८७ | २२३ | ५ | ३ | ६१.२३ | ७९.६५ |
| २ | ११०६ | ११४५ | ६४९ | ७४८ | ० | ० | ४५७ | २५२ | ० | ० | ५८.६८ | ७४.८० |
| ३ | ११२१ | ९६७ | ६९८ | ७४५ | ४ | ६ | ४१९ | २१६ | ० | ० | ६२.२७ | ७७.०४ |
| ४ | ६७५ | ६१८ | ३७८ | ४८७ | ० | ० | २९७ | १३१ | ० | ० | ५६.०० | ७८.८० |
| ५ | ६९६ | ५८६ | ४१२ | ४८२ | ० | ० | २८३ | १०३ | १ | १ | ५९.२० | ८२.२५ |
| ६ | ८७७ | ७७१ | ६१७ | ६५८ | १ | २ | २५९ | १११ | ० | ० | ७०.३५ | ८५.३४ |
| ७ | ६९६ | ७०९ | ४३२ | ५६७ | ६ | ११ | २५८ | १३१ | ० | ० | ६२.०७ | ७९.९७ |
| ८ | १२७३ | १०५० | ८३६ | ८२१ | २ | १ | ४३५ | २२८ | ० | ० | ६५.६७ | ७८.१९ |
| ९ | १७४० | १५६९ | १११० | १२८१ | ३ | २ | ६२७ | २८६ | ० | ० | ६३.७९ | ८१.६४ |
| जम्मा | ९४७१ | ८५६० | ५९२० | ६७०१ | २३ | २९ | ३५२२ | १६८१ | ६ | ४ | ६२.१४ | ७९.७४ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

यस गाउँपालिकाको पुरुष साक्षरता ७९.७४ र महिला साक्षरता ६२.१४ गरी समग्र गाउँपालिकाको साक्षरता ७०.६ (जनगणना २०७८) रहेको देखिएको छ । यस गाउँपालिकामा हाल ८ वटा माध्यमिक तहका विद्यालय (४ वटा कक्षा १२ सम्मका ४ वटा कक्षा १० सम्मका) विद्यालय र २% वटा आधारभूत विद्यालय (वटा १–८ कक्षा सञ्चालित, १४ वटा १–५ कक्षा सञ्चालित र २ वटा १–३ कक्षा सञ्चालित) रहेका छन् भने संस्थागत विद्यालय १ वटा, बालविकास केन्द्रको सङ्ख्या २९ र सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ५ वर्ष माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुवै जानेका ७०.६ प्रतिशत, पढ्न मात्र जानेका ०.३ प्रतिशत र पढ्न र लेख्न दुवै नजानेका २९.१ प्रतिशत रहेका छन् । ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसङ्ख्या हेर्दा हाल अध्ययनरत ७१.१ प्रतिशत, कम्तीमा एक पटक विद्यालय गएको २४.५ प्रतिशत, कहिल्यै पनि विद्यालय नगएको ४.२ प्रतिशत रहेको छ ।

१० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्या हेर्दा मानविकी तथा समाजशास्त्र तर्फ १२.६ प्रतिशत, व्यवस्थापन तर्फ ६.४ प्रतिशत, शिक्षा तर्फ ६०.८ प्रतिशत, विज्ञान तथा प्रविधि तर्फ २.६ प्रतिशत, स्वास्थ्य/चिकित्साशास्त्र तर्फ २.६ प्रतिशत, इन्जिनियरिङ तर्फ ०.४ प्रतिशत, कानुन तर्फ ०.१ प्रतिशत, कृषि तर्फ ०.८ प्रतिशत, पशु विज्ञान/पशु चिकित्सा/मत्स्यपालन तर्फ ०.१ प्रतिशत, कम्प्युटर/सूचना प्रविधि तर्फ ०.५ प्रतिशत र अन्य ३.८ प्रतिशत रहेको छ ।

तालिका ८

भूमे गाउँपालिकाको तहगत विद्यालय सङ्ख्या

| क्र स | तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाल विकास देखि कक्षा १ | ० | १ | १ | |
| २ | बाल विकास देखि कक्षा २ | १ | ० | १ | |
| ३ | बाल विकास देखि कक्षा ३ | २ | ० | २ | |
| ४ | बाल विकास देखि कक्षा ५ | १३ | ० | १३ | |
| ५ | कक्षा १ देखि ५ सम्म | १ | ० | १ | |
| ६ | बाल विकास देखि कक्षा ८ | ८ | १ | ९ | |
| ७ | बाल विकास देखि कक्षा १० | ५ | ० | ५ | |
| ८ | बाल विकास देखि कक्षा १२ | ४ | ० | ४ | |
| | जम्मा | ३४ | ० | ३६ | |

*स्रोत: पालिका IEMIS २०८१*

तालिका ९

भूमे गाउँपालिकाको वडागत र तहगत विद्यालय सङ्ख्या

| वडा नं. | सञ्चालित तह | विद्यालय सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | |
| १ | बाल विकास देखि कक्षा १ | ० | १ | |
| | बाल विकास देखि कक्षा ५ | १ | ० | |
| | बाल विकास देखि कक्षा ८ | १ | ० | |
| | बाल विकास देखि कक्षा १२ | १ | ० | |
| २ | बाल विकास देखि कक्षा ५ | ३ | ० | |
| | बाल विकास देखि कक्षा ८ | ० | १ | |
| | बाल विकास देखि कक्षा १० | २ | ० | |
| ३ | बाल विकास देखि कक्षा ८ | ३ | ० | |
| | बाल विकास देखि कक्षा १२ | १ | ० | |
| ४ | बाल विकास देखि कक्षा ५ | १ | ० | |
| | बाल विकास देखि कक्षा १० | १ | ० | |
| ५ | बाल विकास देखि कक्षा ५ | २ | ० | |
| ६ | बाल विकास देखि कक्षा २ | १ | ० | |
| | बाल विकास देखि कक्षा ५ | १ | ० | |
| | बाल विकास देखि कक्षा ८ | १ | ० | |
| | बाल विकास देखि कक्षा १२ | १ | ० | |
| ७ | बाल विकास देखि कक्षा ५ | २ | ० | |
| | बाल विकास देखि कक्षा ८ | २ | ० | |
| ८ | बाल विकास देखि कक्षा ३ | २ | ० | |
| | बाल विकास देखि कक्षा ८ | २ | ० | |
| | बाल विकास देखि कक्षा १० | २ | ० | |
| ९ | कक्षा १ देखि ५ | १ | ० | |
| | बाल विकास देखि कक्षा ३ | १ | ० | |
| | बाल विकास देखि कक्षा ५ | ३ | ० | |
| | बाल विकास देखि कक्षा ८ | १ | ० | |
| | बाल विकास देखि कक्षा १२ | १ | ० | |
| | जम्मा | ३४ | २ | |

गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन अध्यापन गर्ने गराउने शिक्षण संस्था नभएको अवस्था छ । हालसम्म गाउँपालिकाले गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने क्रममा नयाँ विद्यालय भवन निर्माण, पुराना जीर्ण भौतिक पूर्वाधार मर्मत सम्भार, तथा शिक्षक तालिमहरूको आयोजना गरीसकेको छ भने विद्यालयहरूलाई प्रविधिमैत्री बनाउने कार्यको लागि आवश्यक पहल निरन्तर गरीरहेको छ । त्यसरी नै बालबालिकाहरूलाई खेलकुदमा प्रोत्साहन गर्नका लागि विद्यालयमा खेलकुद सामाग्री सहितको खेल मैदानहरूको निर्माण तथा मर्मत कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ । बालबालिकाहरूलाई शुद्ध खानेपानीको व्यवस्था गर्नका लागि विद्यालयमा खानेपानीका धारा जडान गरीएको छ भने किशोरी शिक्षालाई प्रोत्साहन गर्नका लागि विद्यालयमा छात्रामैत्री शौचालयहरू निर्माण कार्य लाई प्राथमिकता दिइएको छ । सिकाई क्रियाकलापलाई प्रविधिमैत्री र प्रभावकारी बनाउनका लागि शिक्षक कर्मचारीहरूलाई नियमित तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी सरकारसँगको साझेदारीमा शैक्षिक तालिम केन्द्र स्थापना भएको छ । मा.वि. तथा आ.वि. तहमा शिक्षण गर्ने शिक्षकहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरीएको छ ।

तालिका १०

भूमे गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | |
| बालविकास | ३१५ | ३०६ | ६२१ | ६४ | ८४ | १४८ | ७६९ |
| कक्षा १ | २१७ | १८५ | ४०२ | २४ | १८ | ४२ | ४४४ |
| कक्षा २ | १७१ | १४४ | ३१५ | ७ | १५ | २२ | ३३७ |
| कक्षा ३ | १५२ | १६७ | ३१९ | ११ | ७ | १८ | ३३७ |
| कक्षा ४ | १७० | १७१ | ३४१ | १० | १४ | २४ | ३६५ |
| कक्षा ५ | १८१ | १५६ | ३३७ | ६ | १२ | १८ | ३५५ |
| कक्षा १-५ | ८९१ | ८२३ | १७१४ | ५८ | ६६ | १२४ | १८३८ |
| कक्षा ६ | १६४ | १५९ | ३२३ | ६ | ७ | १३ | ३३६ |
| कक्षा ७ | १७३ | १६९ | ३४२ | २ | ७ | ९ | ३५१ |
| कक्षा ८ | २०६ | १६२ | ३६८ | ३ | ४ | ७ | ३७५ |
| कक्षा ६-८ | ५४३ | ४९० | १०३३ | ११ | १८ | २९ | १०६२ |
| कक्षा ९ | १७२ | १२८ | ३०० | ० | ० | ० | ३०० |
| कक्षा १० | १८८ | १९९ | ३८७ | ० | ० | ० | ३८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा ९-१० | ३६० | ३२७ | ६८७ | ० | ० | ० | ६८७ |
| कक्षा ११ | ६३ | ६० | १२३ | ० | ० | ० | १२३ |
| कक्षा १२ | १२४ | १२६ | २५० | ० | ० | ० | २५० |
| कक्षा ११-१२ | १८७ | १८६ | ३७३ | ० | ० | ० | ३७३ |
| जम्मा | २२९६ | २१३२ | ४४२८ | १३३ | १६८ | ३०१ | ४७२९ |

*स्रोत: पालिका IEMIS २०८१*

उल्लेखित तथ्याङ्कका आधारमा भूमे गाउँपालिकामा ४७२९ बालबालिकाहरु अध्ययनरत छन् । जसमध्ये बालविकासमा ७६९ जना, कक्षा १-५ मा १८३८ जना, कक्षा ६-८ मा १०६२ जना, कक्षा ९-१० मा ६८७ जना र कक्षा ११-१२ मा ३७३ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

तालिका ११

भूमे गाउँपालिकाका जातजातिका आधारमा विद्यार्थी सङ्ख्या

| कक्षा | दलित | | | जनजाती | | | ब्रहमण क्षेत्री | | | अन्य | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | |
| बालविकास | ८२ | ७१ | १५३ | २६५ | २८२ | ५४७ | ३० | ३४ | ६४ | २ | ३ | ५ | ७६९ |
| कक्षा १ | ५४ | ३८ | ९२ | १७१ | १४३ | ३१४ | १६ | १९ | ३५ | ० | ३ | ३ | ४४४ |
| कक्षा २ | ३६ | २८ | ६४ | ११९ | ११३ | २३२ | १८ | १७ | ३५ | ५ | १ | ६ | ३३७ |
| कक्षा ३ | ३५ | ३८ | ७३ | ११६ | ११३ | २२९ | १२ | १९ | ३१ | ० | ४ | ४ | ३३७ |
| कक्षा ४ | ४२ | ५४ | ९६ | १२० | १२० | २४० | १७ | १० | २७ | १ | १ | २ | ३६५ |
| कक्षा ५ | ३८ | ३५ | ७३ | १३४ | ११९ | २५३ | १४ | ११ | २५ | १ | ३ | ४ | ३५५ |
| कक्षा ६ | ३० | ३० | ६० | १२२ | १२० | २४२ | १३ | १५ | २८ | ५ | १ | ६ | ३३६ |
| कक्षा ७ | २१ | ३८ | ५९ | १३९ | १२२ | २६१ | १३ | १५ | २८ | २ | १ | ३ | ३५१ |
| कक्षा ८ | ४१ | ४१ | ८२ | १४४ | १०७ | २५१ | २२ | १४ | ३६ | २ | ४ | ६ | ३७५ |
| कक्षा ९ | ३० | २६ | ५६ | १२८ | ८७ | २१५ | ११ | १० | २१ | ३ | ५ | ८ | ३०० |
| कक्षा १० | ३९ | ४२ | ८१ | १२६ | १३६ | २६२ | १४ | १८ | ३२ | ९ | ३ | १२ | ३८७ |
| कक्षा ११ | १९ | १६ | ३५ | ४० | ३३ | ७३ | २ | १० | १२ | २ | १ | ३ | १२३ |
| कक्षा १२ | २१ | ३० | ५१ | ९१ | ८० | १७१ | १२ | १६ | २८ | ० | ० | ० | २५० |
| जम्मा | ४८८ | ४८७ | ९७५ | १७१५ | १५७५ | ३२९० | १९४ | २०८ | ४०२ | ३२ | ३० | ६२ | ४७२९ |

*स्रोत: पालिका IEMIS २०८१*

पालिकाको IEMIS तथ्याङ्क अनुसारका ४७२९ विद्यार्थीहरुमध्ये ९७५ दलित, ३२९० जनजाती, ४०२ ब्रहामिन क्षेत्री र ६२ जना अन्य समुदायका बालबालिकाहरु अध्ययनरत छन् ।

तालिका १२

भूमे गाउँपालिकाका अपाङ्गता भएका विद्यार्थी सङ्ख्या

| कक्षा | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|
| | बालिका | बालक | जम्मा |
| बालविकास | १ | ५ | ६ |
| कक्षा १ | ६ | ३ | ९ |
| कक्षा २ | ० | ० | ० |
| कक्षा ३ | १ | १ | २ |
| कक्षा ४ | १ | ० | १ |
| कक्षा ५ | १ | ३ | ४ |
| कक्षा १-५ | ९ | ७ | १६ |
| कक्षा ६ | २ | १ | ३ |
| कक्षा ७ | १ | २ | ३ |
| कक्षा ८ | २ | ४ | ६ |
| कक्षा ६-८ | ५ | ७ | १२ |
| कक्षा ९ | ० | १ | १ |
| कक्षा १० | २ | १ | ३ |
| कक्षा ९-१० | २ | २ | ४ |
| जम्मा | १७ | २१ | ३८ |
| कुल विद्यार्थी सङ्ख्याको प्रतिशत | ०.७० | ०.९१ | ०.८० |

*स्रोत: पालिका IEMIS २०८१*

## तालिका १३

## भूमे गाउँपालिका अन्तर्गतका विद्यालयहरुको कक्षा ५ को औसत सिकाई उपलब्धी-२०८१

| क्रस | विद्यालयको नाम | नेपाली | अङ्ग्रेजी | गणित | बिज्ञान तथा प्रबिधि | सामाजिक अध्ययन | स्वास्थ्य तथा शारीरिक | हाम्रो भूमे | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल जनजागरण आधारभूत विद्यालय भूमे ६ | ७०.०३ | ५८.४३ | ६१.९० | ७४.३३ | ७१.६७ | ७१.५७ | ७९.६७ | ६९.६६ |
| २ | बाल विकास आधारभूत विद्यालय जंगडाँडा भूमे २ | ६३.३८ | ५५.२० | ६१.६० | ६६.०० | ६७.०८ | ६५.७० | ६२.२२ | ६३.०३ |
| ३ | बाल ज्योति आधारभूत विद्यालय भूमे २ | ६८.२५ | ६४.०० | ०.०० | ६५.२५ | ६४.८८ | ६६.०० | ६६.०० | ५६.३४ |
| ४ | ब्रहा आधारभूत विद्यालय भूमे १ | ६२.२२ | ५६.२१ | ५०.०१ | ५४.३५ | ५९.२९ | ५८.३९ | ५६.६६ | ५६.७३ |
| ५ | आधारभूत विद्यालय सिमचौर भूमे ९ | ६९.१४ | ६२.०५ | ५६.०० | ५७.९५ | ६३.०९ | ६१.०५ | ६३.५९ | ६१.८४ |
| ६ | आधारभूत विद्यालय दुवाचौर भूमे ९ | ७१.१४ | ६२.५० | ५७.८६ | ५७.९३ | ६१.२१ | ५४.३६ | ५५.२१ | ६०.०३ |
| ७ | आधारभूत विद्यालय डालिवाङ भूमे ५ | ६३.६७ | ६४.०० | ६४.०० | ६३.५० | ६५.८३ | ५९.३३ | ६४.८३ | ६३.६० |
| ८ | आधारभूत विद्यालय लावाङ भूमे ७ | ५९.७० | ५२.९० | ६१.३० | ५७.६० | ५४.९० | ६६.४० | ५९.४० | ५८.८९ |
| ९ | भूमि आधारभूत विद्यालय भूमे १ | ५५.६२ | ७०.७५ | ५९.३७ | ५९.९३ | ६४.२४ | ६१.२४ | ५३.८९ | ६०.७२ |
| १० | चैतेछहरा आधारभूत विद्यालय भूमे ९ | ७०.०० | ७९.३३ | ७८.६७ | ७८.६७ | ७९.०० | ७८.३३ | ८०.६७ | ७७.८१ |
| ११ | छेलोफाल्ने आधारभूत विद्यालय भूमे ७ | ५७.३३ | ५०.५८ | ५४.६७ | ५५.४५ | ५३.६८ | ५१.०८ | ६०.६३ | ५४.७८ |
| १२ | हिमालय आधारभूत विद्यालय भूमे २ | ८०.७५ | ८४.६३ | ७४.८८ | ७६.८८ | ८०.६३ | ८२.८८ | ८६.३८ | ८१.०० |
| १३ | जन विकास आधारभूत विद्यालय भूमे ४ | ६०.८१ | ६९.१३ | ५२.६० | ७६.८१ | ५६.७० | ७१.६६ | ५५.८१ | ६३.३६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | जनजागृति माध्यमिक विद्यालय भूमे ६ | ५७.५८ | ५२.९४ | ५७.८८ | ६०.२५ | ६६.४० | ७३.३३ | ६०.७५ | ६१.३० |
| १५ | जनशक्ति माध्यमिक विद्यालय काँडा भूमे ४ | ७४.०६ | ६८.५० | ५५.२२ | ६१.८९ | ६२.०० | ६४.६७ | ७१.११ | ६५.३५ |
| १६ | जनता आधारभुत विद्यालय भूमे ५ | ६१.५० | ५५.११ | ६०.७९ | ६२.५० | ६६.३२ | ५४.३९ | ६५.९६ | ६०.९४ |
| १७ | जनचेतना आधारभुत विद्यालय भूमे ६ | ८२.३३ | ७५.६७ | ८१.६७ | ८१.०० | ८२.६७ | ८४.०० | ८३.५० | ८१.५५ |
| १८ | जनज्योति आधारभुत विद्यालय भूमे ७ | ४०.८५ | ३९.३१ | ३६.३६ | ४२.०१ | ३८.२६ | ४०.६५ | ४६.०४ | ४०.५० |
| १९ | मदन स्मृति आधारभुत विद्यालय भूमे ९ | ८०.८० | ७७.०० | ६०.४० | ५८.२० | ७३.२० | ६३.८० | ६९.८० | ६९.०३ |
| २० | नमूना आधारभूम विद्यालय भूमे ३ | ५५.७५ | ५७.७५ | ५६.५० | ५९.९२ | ६०.०० | ५८.८३ | ५७.६७ | ५८.०६ |
| २१ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय भूमे ८ | ६२.६७ | ६२.०० | ४७.८९ | ५२.२८ | ६२.०६ | ५४.६१ | ६३.७८ | ५७.९० |
| २२ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे ९ | ५५.८५ | ५०.७७ | ५१.८५ | ५५.४६ | ६३.४६ | ५६.४६ | ५६.२३ | ५५.७३ |
| २३ | सान्नी आधारभूत विद्यालय भूमे ९ | ६५.०० | ६२.५० | ६१.५० | ६२.०० | ६३.५० | ६६.०० | ६७.५० | ६४.०० |
| २४ | सरस्वती माध्यमिक विद्यालय भूमे ८ | ४९.०५ | ४१.३२ | ४०.७७ | ४३.७३ | ४६.८६ | ४६.३६ | ४५.३६ | ४४.७८ |
| २५ | माध्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ५५.३६ | ५६.१४ | ४७.५७ | ५०.५७ | ५१.२९ | ५३.८६ | ५४.०७ | ५२.६९ |
| २६ | सहिद बासुस्मृति नमूना विद्यालय भूमे ३ | ५२.६१ | ५०.८३ | ४१.१३ | ४५.१० | ४९.८२ | ५४.८३ | ५३.६४ | ४९.७१ |
| २७ | सहिद शुक्र माध्यमिक विद्यालय भूमे ३ | ६४.९० | ६४.९० | ४६.५० | ६३.९० | ५५.२० | ६१.०० | ६५.५० | ६०.२७ |
| २८ | शिद्दचौर माध्यमिक विद्यालय भूमे १ | ६२.३३ | ५५.१३ | ५१.२२ | ५८.९२ | ५१.११ | ५६.८१ | ६३.११ | ५६.९५ |
| २९ | टकसार आधारभूत विद्यालय भूमे ३ | ६०.०९ | ५१.४५ | ४७.९१ | ४९.१८ | ५२.९१ | ४८.८२ | ४८.७३ | ५१.३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३० | त्रिभुवन माध्यमिक विद्यालय भूमे २ | ७०.३१ | ६१.२५ | ६२.५० | ६५.५६ | ७३.८८ | ६९.८१ | ६५.०० | ६६.९० |
| ३१ | त्रिबेणी माध्यमिक विद्यालय भूमे २ | ६९.५३ | ५८.०० | ६०.०८ | ६०.३५ | ६४.१० | ६५.५५ | ६३.४० | ६३.०० |
| ३२ | नमूना सामुदायिक बोर्डिङ स्कुल भूमे २ | ६९.०० | ६७.०६ | ६६.२२ | ५४.५६ | ६२.५० | ६४.८९ | ७१.५६ | ६५.११ |
| विषयगत औसत सिकाई उपलब्धि | | ६३.८० | ६०.५४ | ५५.२१ | ६०.३८ | ६२.१२ | ६२.०८ | ६३.०५ | ६१.०३ |

*स्रोत: पालिका IEMIS २०८१*

भूमे गाउँपालिकाको कक्षा ५ को उल्लेखित विवरणलाई हेर्दा औसतमा सिकाई उपलब्धि ६१.०३ प्रतिशत देखिन्छ । जसमध्ये नेपाली विषयको ६३.८० प्रतिशत, अङ्ग्रेजी विषयको ६०.५४ प्रतिशत, गणित विषयको ५५.२१ प्रतिशत, बिज्ञान र प्रबिधि विषयको ६०.३८ प्रतिशत, सामाजिक अध्ययन विषयक ६२.१२ प्रतिशत, स्वास्थ्य र शारिरीक विषयको ६२.०८ प्रतिशत र हाम्रो भूमे विषयको ६३.०५ प्रतिशत रहेको देखिन्छ ।

### तालिका १४
### भूमे गाउँपालिका अन्तर्गतका विद्यालयहरुको कक्षा ८ को औसत सिकाई उपलब्धी-२०८१

| क्रस | विद्यालयको नाम | नेपाली | अङ्ग्रेजी | गणित | बिज्ञान तथा प्रबिधि | सामाजिक अध्ययन | स्वास्थ्य शारिरीक | हाम्रो भूमे | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल जनजागरण आधारभूत विद्यालय भूमे ६ | ६३.२२ | ५७.३८ | ५२.७६ | ५९.४० | ६४.४० | ६७.०० | ६१.७२ | ६०.८४ |
| २ | ब्रहा आधारभूत विद्यालय भूमे १ | ६२.५७ | ६३.६४ | ६०.४३ | ५६.८७ | ५७.९१ | ६३.९४ | ६६.८९ | ६१.७५ |
| ३ | आधारभूत विद्यालय सिमचौर भूमे ९ | ६३.६७ | ५७.२४ | ५७.९५ | ५७.९० | ६७.१९ | ७३.०० | ६८.४३ | ६३.६३ |
| ४ | जनजागृति माध्यमिक विद्यालय भूमे ६ | ५८.६२ | ५३.५४ | ५३.६९ | ४८.१९ | ६१.३५ | ७३.०० | ६५.६५ | ५९.१५ |
| ५ | जनशक्ति माध्यमिक विद्यालय काँडा भूमे ४ | ५८.४८ | ५३.९१ | ५०.५३ | ५६.६८ | ५६.९८ | ५८.४३ | ५५.७५ | ५५.८२ |
| ६ | जनज्योति आधारभूत विद्यालय भूमे ७ | ५६.०९ | ४६.७६ | ४६.२३ | ४८.९२ | ५४.७२ | ६६.०८ | ६३.१८ | ५४.५७ |
| ७ | नमूना सामुदायिक बोर्डिङ स्कुल भूमे २ | ७२.०० | ६९.५७ | ७०.८६ | ६६.०० | ७२.०० | ८१.८६ | ७२.८६ | ७२.१६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | नमूना आधारभूम विद्यालय भूमे ३ | ५९.१३ | ५४.४७ | ४६.६९ | ५५.१४ | ५१.२४ | ५५.०८ | ६१.०२ | ५४.६८ |
| ९ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय भूमे ८ | ६०.७१ | ५७.५६ | ५०.४७ | ५१.८८ | ७१.०० | ७२.०६ | ६६.६५ | ६१.४७ |
| १० | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे ९ | ५५.६३ | ५३.१० | ५३.७५ | ५५.७० | ५६.६७ | ६४.८९ | ५०.३० | ५५.७२ |
| ११ | सरस्वती माध्यमिक विद्यालय भूमे ८ | ५४.५३ | ५३.४४ | ४४.१३ | ४९.१९ | ४३.८८ | ४९.१३ | ५४.४४ | ४९.८२ |
| १२ | माध्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ५०.२१ | ४४.४५ | ४१.७९ | ४१.५८ | ४८.४२ | ४९.११ | ५१.२१ | ४६.६८ |
| १३ | शहिद बासुस्मृति नमूना विद्यालय भूमे ३ | ६७.१७ | ५१.३९ | ४७.६१ | ५८.४४ | ६३.११ | ७०.८३ | ६१.६७ | ६०.०३ |
| १४ | सहिद शुक्र माध्यमिक विद्यालय भूमे ३ | ५९.१० | ५५.४२ | ५१.४८ | ५८.०५ | ५७.०० | ६३.३८ | ५८.२९ | ५७.५३ |
| १५ | शिद्दचौर माध्यमिक विद्यालय भूमे १ | ५५.७० | ४७.७५ | ४४.८३ | ५०.५१ | ५२.१९ | ५१.८० | ५७.३५ | ५१.४५ |
| १६ | टकसार आधारभूत विद्यालय भूमे ३ | ५६.९३ | ५१.१३ | ४१.९३ | ४५.०० | ४९.७३ | ५४.२७ | ४७.९३ | ४९.५६ |
| १७ | त्रिभुवन माध्यमिक विद्यालय भूमे २ | ६९.४३ | ६१.९६ | ६३.६४ | ६३.७५ | ६५.६८ | ७४.४५ | ७५.७५ | ६७.८१ |
| १८ | त्रिबेणी माध्यमिक विद्यालय भूमे २ | ५७.३८ | ५७.९४ | ५९.१५ | ५६.७५ | ६०.६९ | ६२.१० | ६७.३१ | ६०.१९ |
| **कक्षा ८ को विषयगत औसत सिकाई उपलब्धि** | | ६०.०३ | ५५.०४ | ५२.११ | ५४.४४ | ५८.५६ | ६३.९१ | ६१.४७ | ५७.९४ |

*स्रोत: पालिका IEMIS २०८१*

कक्षा ८ को माथिको तथ्याङ्कलाई हेर्दा औसतमा सिकाई उपलब्धि ५७.९४ प्रतिशत रहेको देखिन्छ । जसमध्ये नेपाली विषयको ६०.०३ प्रतिशत, अङ्ग्रेजी विषयको ५५.०४ प्रतिशत, गणित विषयको ५२.११ प्रतिशत, बिज्ञान तथा प्रबिधि विषयको ५४.४४ प्रतिशत, सामाजिक अध्ययन विषयको ५८.५६ प्रतिशत, स्वास्थ्य तथा शारिरीक विषयको ६३.९१ प्रतिशत र हाम्रो भूमे विषयकव ६१.४७ प्रतिशत सिकाई उपलब्धि रहेको देखिन्छ ।

भूमे गाउँपालिकामा १० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्या हेर्दा मानविकी तथा समाजशास्त्र तर्फ १२.६ प्रतिशत, व्यवस्थापन तर्फ ६.४ प्रतिशत, शिक्षा

तर्फ ६०.८ प्रतिशत, विज्ञान तथा प्रविधि तर्फ २.६ प्रतिशत, स्वास्थ्य/चिकित्साशास्त्र तर्फ २.६ प्रतिशत, इन्जिनियरिङ तर्फ ०.४ प्रतिशत, कानुन तर्फ ०.१ प्रतिशत, कृषि तर्फ ०.८ प्रतिशत, पशु विज्ञान/पशु चिकित्सा/मत्स्यपालन तर्फ ०.१ प्रतिशत, कम्प्युटर/सूचना प्रविधि तर्फ ०.५ प्रतिशत र अन्य ३.८ प्रतिशत रहेको छ ।

तालिका १५

भूमे गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दी | | पालिका अनुदान | | नीजी स्रोत | | राहत अनुदान | | जम्मा | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | |
| सामुदायिक विद्यालय | | | | | | | | | | | |
| बालविकास | २९ | ० | ४ | ० | २ | ० | १ | ० | ३६ | ० | ३६ |
| कक्षा १-५ | ४३ | ४१ | ९ | ८ | ७ | ७ | ६ | ६ | ६५ | ६२ | १२७ |
| कक्षा ६-८ | ६ | ८ | १२ | ११ | २ | २ | ८ | ७ | २८ | २८ | ५६ |
| कक्षा ९-१० | ९ | ८ | ० | ० | ० | ० | ५ | ७ | १४ | १५ | २९ |
| कक्षा ११-१२ | ० | ० | ० | ० | ० | ० | ५ | ३ | ५ | ३ | ८ |
| जम्मा | ८७ | ५७ | २५ | १९ | ११ | ९ | २५ | २३ | १४८ | १०८ | २५६ |
| संस्थागत विद्यालय | | | | | | | | | | | |
| बालविकास | ० | ० | ० | ० | ४ | | ० | ० | ४ | ० | ४ |
| कक्षा १-५ | ० | ० | ० | ० | ६ | ५ | ० | ० | ६ | ५ | ११ |
| कक्षा ६-८ | ० | ० | ० | ० | ४ | ४ | ० | ० | ४ | ४ | ८ |
| कक्षा ९-१० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कक्षा ११-१२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ० | ० | ० | ० | १४ | ९ | ० | ० | १४ | ९ | २३ |
| कुल जम्मा | ८७ | ५७ | २५ | १९ | २५ | १८ | २५ | २३ | १६२ | ११७ | २७९ |

*स्रोत: पालिका IEMIS २०८१*

## भूमे गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेका असल अभ्यासहरु

- **बालमैत्री विद्यालय वातावरण निर्माण** : भूमे गाउँपालिकाले बालमैत्री विद्यालय वातावरण निर्माणका लागि बर्षेनी विद्यालय भवन निर्माण, बालबालिकाहरुका लागि बालमैत्री सिकाई सामग्री अनुदान, पुस्तकालय स्थापना तथा व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ ।

- **शिक्षक क्षमता विकास :** शैक्षिक जनशक्तिको क्षमता विकासका लागि शैक्षणिक सीप विकास तालिम, कम्प्यूटर तथा प्रबिधि सम्बन्धी तालिम, विद्यालय अनुगमन तथा शिक्षण सिकाई सुझावका कार्यक्रमहरु संचालन गरीरहेको छ ।
- **बालउद्यान निर्माण कार्यक्रम :** विद्यालयको मनोरम तथा प्रभावकारी वातावरण निर्माण गर्न र जलवायू परिवर्तनमैत्री हरित विद्यालय बनाउनका लागि बाल उद्यान कार्यक्रम सञ्चालन गरेको छ । भने स्रोतको व्यवस्थापन गरी कार्यान्वयन गरेको छ ।
- भूमे गाउपालिकाले कुल बजेटको ४० प्रतिशतको हाराहारीमा हरेक बर्ष शिक्षामा बजेट बिनियोजन गरी कार्यान्वयन गरेको छ भने पाँच बर्षे शिक्षा योजनाको विकास गरी कार्यन्वयन चरणमा लगेको छ ।

## १.३ मुख्य समस्याहरू

राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । यसैगरी "सक्षम र आत्मनिर्भर जनशक्ति भूमेको समृद्धि" भूमे गाउँपालिकाको शिक्षा क्षेत्रको अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरीकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो । भूमे गाउँपालिकामा गुणस्तरीय, अपाङ्ग र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन सकेको छैन । समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस पालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ। विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, दुर्गम तथा भौगोलिक बनावटका कारण शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास

गर्न नसक्नु, शिक्षा लाई जागिरसँग मात्र जोड्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

## १.४ शिक्षा क्षेत्रका चुनौतीहरू

नेपालमा विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूमा गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, विद्यालय नक्साँकन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, बाल तथा अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागु हुन सकिरहेको छैन ।

विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, बालविकास केन्द्रहरूमा बालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रूपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहीनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबिच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार गर्न चुनौती छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक सङ्ग्रहालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी, अपाङ्ग र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाडनेहरूको सङ्ख्या बढेकै छ ।

## १.५ अवसरहरू

भूमे गाउँपालिकाले अघि सारेका लक्ष्य तथा उद्देश्यहरू लाई हासिल गर्नका लागि धेरै राम्रा राम्रा अवसरहरू रहेका छन् । यस गाउँपालिकाको शिक्षाको अठोट "सक्षम र आत्मनिर्भर जनशक्ति भूमेको समृद्धि" तथा "विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री,

बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा राष्ट्रभक्ति, अपाङ्ग, र उत्पादनमुखी शिक्षा प्रदान गरी सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिने" लक्ष्य छ । यो दूरदृष्टि हासिल गर्न भूमेलाई रुकुम पूर्वी भागको मात्र नभएर प्रदेश तथा नेपालकै नमुना भौगोलिक, हिमाली जनजीवन तथा अपाङ्ग पालिकाको रूपमा विकास गर्न सकिने अवस्था छ ।तीन तहका सरकारबिच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीन वटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता हुनु, गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह देखिनु, सकारात्मक लैङ्गिक समता सूचकाङ्क हुनु, शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु स्थानीय सरकार लाई भूमेका नागरीकहरूको सहयोग, समर्थन र सहकार्य हुनु, भूमे भएर मध्यपहाडी राजमार्ग पूर्व पश्चिम जोडिनु र भूमेको भूगोल नेपालका विविध क्षेत्रका लागि रमणीय हुनुलाई शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।


समस्या वृक्ष
विद्यार्थीको सिकाई उपलब्धि कमजोर भयो
विद्यार्थीको कक्षा दोहोर्‍याउने र विद्यालय छोड्ने संख्यामा वृद्धि
विद्यालयप्रति नकारात्मक दृष्टिकोणहरु जागृत भए
दक्ष जनशक्तिको अभाव
विद्यालय सुशासनमा गिरावट आयो
विद्यालयको सकारात्मक शैक्षिक वातावरण तयार भएन
विद्यालयमा गुणस्तरीय सिकाई वातावरण नहुनु
बालबालिकामा अपेक्षित सिकाई उपलब्धि हासिल हुन नसक्नु
विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार बालमैत्री कक्षाकोठा र संरचना नहुनु
शिक्षक तालिम कक्षाकोठामा प्रयोग नहुनु
विद्यालयमा अभिभावक र सरोकारवालाहरुको अर्थपूर्ण र सक्रिय सहभागिता नहुनु
सामाजिक चेतना तथा प्रवृत्ति

# परिच्छेद २
# लक्ष्य निर्धारण

शिक्षाको विकासमा मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव हुन्छ जुन नेपालका सबै स्थानीय तहको आफ्नै किसिमको छ । स्थानीय तहको विविधता लाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरूको अहिले स्थानीय तहमा खाँचो छ । यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने देखिन्छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । स्थानीय तहले समतामूलक पहुँचको सुनिश्चितता मार्फत सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार पार्न शिक्षा योजना निर्माण गरी शिक्षामा गरीने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाएर सोको कार्यान्वयन गर्न आवश्यक देखिन्छ । यसै सन्दर्भ लाई दृष्टिगत गरी भूमे गाउँपालिकाले ५ वर्षमा गाउँपालिकाको शिक्षा क्षेत्र कस्तो हुने भन्ने प्रतिविम्बन गर्ने प्रयास गरेको छ । योजना प्रभावकारी बनाउन योजनाको सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण स्पष्ट रूपमा गरीएको छ । यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण लगायतका पक्ष समेटिएको छ ।

## २.१ दुरदृष्टिः

"सक्षम र आत्मनिर्भर जनशक्तिः भूमेको समृद्धि"

## २.२ लक्ष्य

"विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरीय, प्रविधिमैत्री र बालमैत्री वातावरणमा अपाङ्ग र जीवनोपयोगी शिक्षा मार्फत सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने"

## २.३ उद्देश्यहरु

१. सबै बालबालिकाहरूका लागि समतामुलक रुपमा प्रारम्भिकदेखि माध्यमिक तहसम्म बालमैत्री, प्रबिधिमैत्री, व्यवसायिक तथा जीवनोपयोगी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

२. मानवीय मूल्यका व्यवहार तथा कला, संस्कृति, विज्ञान र प्रविधिका ज्ञान, सिप, अवधारणा आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्नु ।

३. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय कला, संस्कृति, भाषा, इतिहास, पेशा/व्यवसायप्रति गौरवान्वित बनाई वृहत यौनिकता शिक्षाको माध्यमबाट सकारात्मक यौनिक ब्यवहार गर्ने सचेत नागरीक तयार गर्ने ।

४. शिक्षामा सबै वर्ग, क्षेत्र, समुदायका बालबालिकाहरुको शैक्षिक अवसरको पहुँच सुनिश्चित गरी सक्षम नागरीक तयार गर्नु ।

५. गुणस्तरीय शिक्षाका लागि योग्य, अपाङ्ग रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुनु ।

६. विपद्को अवस्थामा समेत बालबालिकाहरुको सिकाईको निरन्तरताको सुनश्चितता गर्नु ।

७. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।

## २.४ रणनीतिहरू

उद्देश्य नं. १ सबै बालबालिकाहरूका लागि समतामुलक रुपमा प्रारम्भिकदेखि माध्यमिक तहसम्म बालमैत्री, प्रबिधिमैत्री, व्यवसायिक तथा जीवनोपयोगी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

- विद्यालयको भौतिक तथा शैक्षिक नक्सांकङ्न गरी समायोजना, एकिकरण र विस्तार गर्ने साथै विद्यालयमा शिक्षक दरवन्दि व्यवस्थापन गर्ने ।
- प्रारम्भिक बालविकासलाई प्रभावकारी गराउन नमूना बालविकासको अवधारणा आवलम्बन गर्ने ।
- विद्यालयमा वडा शिक्षा समिति र बिब्यस/शिअसको क्षमता विकास गरी समुदायको सक्रियता बढाउने
- शिक्षामा सबैको पहुच र सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरीयता सुनिश्चित गर्ने ।
- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने गराउने ।

- शिक्षामा नतिजामुखि उपलब्धि हासिल गर्नका लागि विभिन्न ब्यक्ति तथा साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।
- नमूना वालविकास तथा नमुना विद्यालयको अवधारणालाई क्रमश स्थापना तथा विस्तार गर्दै लैजाने
- विद्यालयहरु बिचमा सिकाईलाई आदान प्रदान गर्न र सुमधुर सम्बन्ध स्थापित गर्न मितेरी स्कुलको अवधारणा लागु गर्ने ।
- सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
- औपचारिक, अनौपचारिक तथा अरितिक्त शिक्षकका बीच अन्तरसम्बन्ध स्थापित गर्ने
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने ।
- विद्यालयहरुमा सूचना तथा प्रबिधि विकासमा जोड दिने ।
- विद्यालय पूर्वाधार विकास गर्दा मापदण्डहरु पुरा गरी बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित वातावरणमैत्री बनाउने ।
- शिक्षक क्षमता विकास, पुरस्कार सम्मान र दण्डको अभ्यास कार्यान्वयन गर्ने ।
- कक्षा १ मा भर्ना हुंदा बालविकासको अनुभव अनिवार्य गर्ने कोशिस गर्ने ।

उद्देश्य नं. २ मानवीय मूल्य र व्यवहार तथा कला, संस्कृति, विज्ञान र प्रविधिका ज्ञान, सिप, अवधारणा आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्नु ।

- विद्यालयमा अतिरिक्त तथा सह क्रियाकलापहरुलाई जोड दिने ।
- प्रतिस्पर्धात्मक कार्यक्रमहरुको आयोजना र कार्यान्वयन गर्ने शैक्षिक मेला उत्सब र दिवसहरुको आयोजना गर्ने ।
- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क गर्ने माध्यमिक तहको निशुल्क गरी कार्यान्वयन गर्ने ।
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने ।
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने

- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने
- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने ।
- शैक्षिक जनशक्ति र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने ।
- अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

उद्देश्य नं. ३ स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय कला, संस्कृति, भाषा, इतिहास, पेशा/व्यवसायप्रति गौरवान्वित बनाउने र वृहत यौनिकता शिक्षाको माध्यमबाट सकारात्मक यौनिक ब्यवहार गर्ने सचेत नागरीक तयार गर्ने ।

- स्थानीय पाठ्कक्रमलाई परिमार्जन परिष्कृत गरी कार्यान्वयनका लागि पाठ्यपुस्तकको विकास गर्ने
- स्थानीय कला, संस्कृति, भाषा, इतिहास, पेशा/व्यवसाय झल्कने श्रब्य दृश्य सामग्री निर्माण गरी शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्ने ।
- माध्यमिक तहमा बृहत यौनिकता शिक्षा मार्फत सकारात्मक यौनिक ब्यवहारको आवलम्वनका लागि अभ्यास गर्ने ।
- नैतिक आचरण, कर्तब्य पालना र सुसंस्कार जागृत गर्ने वातावरण र उत्प्रेरणा प्रदान गर्ने ।
- स्थानीय पाठ्क्रममा स्थानीय कला, सीप, संस्कृति भाषा र पेशा समाबेश गरी व्यवहारिक जीवनसंग जोड्न अतिरिक्त सहक्रियाकलापहरु तय गर्ने ।
- विद्यालय तथा अन्तर विद्यालय स्तरिय प्रतिस्पर्धात्मक कार्यक्रम, उत्सव, दिवसका अवसरहरुमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, पेशा/व्यवसाय संग सम्बन्ति विषयहरुको प्रतिस्पर्धा गराउने

उद्देश्य नं. ४ शिक्षामा सबै वर्ग, क्षेत्र, समुदायका बालबालिकाहरुको शैक्षिक अवसरको पहुँच सुनिश्चित गरी सक्षम नागरीक तयार गर्नु ।

- विद्यालय भर्ना अभियानलाई प्रभावकारी गराउने ।

- विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी समुदाय र बालक्लबको परिचालन मार्फत विद्यालय निरन्तरताका लागि योजना बनाई कार्यान्वयन गर्ने ।
- बालबालिका लाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने ।
- विद्यालय वातावरणलाई समतामुलक पहुँच, समाबेशीता र सहभागिताको अवस्था र अवसर सुनिश्चित गर्ने ।
- विद्यालयमा बाल उद्यानको निर्माण गरी विद्यालय वातावरण रमणिय बनाउने ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्ने
- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने
- शिक्षकको क्षमता विकास र प्रभावकारी शिक्षण सिकाइका लागि उत्प्रेरणा दिने ।
- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने
- गुणस्तरीय र सुरक्षित पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्ने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिने
- सिकाइलाई व्यवहारिक जीवनसँग सम्बन्धीत गराउने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्ने

- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्ने

उद्देश्य नं. ५ गुणस्तरीय शिक्षाका लागि योग्य, अपाङ्ग रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुनु

- विद्यालयमा पाठ्यवस्तुसंग स्थानीय सन्दर्भ, जीवनउपयोगि सीप, सामाजिक निष्ठा र स्थानीय पेशाका विषयहरुलाई समाहित गरी कार्यान्वयनका लागि वातावरण तयार गर्ने ।
- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।
- पेरियोडिक रुपमा तहगत गुणस्तरीयता परिक्षण गरी कार्यान्वयन गर्ने ।
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई बस्तुगत र सुदृढ बनाउने ।
- विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्ने ।
- शिक्षक तालिम मार्फत शिक्षकहरुको क्षमता अभिबृद्दि गर्ने ।
- शिक्षक क्षमता विकासका लागि खोज, अनुसन्धानात्मक र अध्ययनको अवसर प्रदान गरी प्रोत्साहन गर्ने ।
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्ने ।
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्ने ।

उद्देश्य नं. ६ विपद्को अवस्थामा समेत बालबालिकाहरुको सिकाईको निरन्तरताको सुनश्चितता गर्नु

- विद्यालय संरचना निर्माणमा बालमैत्री र बिपद जोखिम बहन क्षमता भएका संरचना निर्माणमा जोड दिने
- बिपदको अवस्थामा शिक्षा निरन्तरताका रणनीतिहरु मापदण्डहरु निर्माण गर्ने र कार्यान्वयन गर्ने
- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने ।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने ।

- बिपद्का कारण क्षति हुने सिकाई आपुरण परिपुर्तिका लागि योजना बनाई कार्यान्वयन गर्ने ।
- हरेक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माणमा सहजिकरण गरी कार्यान्वयन गर्ने गराउने ।
- आपत्कालिक अवस्थामा शिक्षा निरन्तरताका लागि अल्पकालीन र दीर्घकालीन पुनर्स्थापनाको ब्यवस्था गर्ने ।
- विद्यालयमा विद्यालय सुरक्षाका कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।
- विद्यालयको संस्थागत क्षमता विकास र सुदृढिकरण गर्ने ।

उद्देश्य नं. ७ स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।

- विद्यालय व्यवस्थापन प्रणालिलाई सुदृढ गरी जिम्मेवारी र कर्तब्यबोधले सुसज्जित बनाउने ।
- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने ।
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने ।
- विद्यालय साझा फूलवारी भन्ने मनोभावना उत्प्रेरित वातावरण तयार गर्ने ।
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने ।
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने ।
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

## २.५ कार्यनीतिहरु

उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरीनेछ ।
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरीनेछ
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गरीनेछ ।
- लागत सहभागिता अभिवृद्धि गरीनेछ ।
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य गरीनेछ ।
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरीनेछ ।
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गरीनेछ ।

- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाइनेछ
- पाठ्यक्रम र मापदण्डलाई समयानुकूल स्थानीयकरणका लागि सुझाव पेस गरीनेछ ।
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गरीनेछ
- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाइनेछ ।

उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरीने छ
- सबै शिक्षकहरूको क्षमता विकास गरीने छ र शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरीने छ ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइनेछ
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरीनेछ ।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरीने छ ।
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरीने छ ।
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरीनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गरीनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गरीनेछ
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गरीनेछ
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरीनेछ
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाइनेछ ।
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरीनेछ ।
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरीनेछ ।

- सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराइने छ ।
- शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गरीनेछ ।
- प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिइनेछ ।
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरीनेछ ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याइने छ ।
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याइने छ ।
- आवश्यकता र स्रोत साधनको नक्साङ्कन गरी विद्यालयको तह बढुवा वा घटुवा गरीनेछ ।
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमता विकास गरीनेछ ।
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गरीनेछ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरीनेछ ।
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरीनेछ ।
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरीनेछ
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरीनेछ ।
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरीने छ ।
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरीनेछ
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गरीनेछ ।
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरीनेछ ।
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरीनेछ ।
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चित गरीनेछ ।

- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गरीनेछ ।
- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गरीनेछ ।

उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गरीनेछ ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गरीनेछ
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गरीनेछ ।
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाइनेछ ।
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ ।
- मौलिक एवं परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवं हस्तान्तर सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीने छ ।
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरीने छ ।
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरीक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरीने छ ।
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरीने छ ।
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरीने छ ।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सेवा केन्द्र सञ्चालन र सेवा प्रवाह गरीने छ र बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरीने छ ।
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गरीनेछ ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरीनेछ ।
- माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गरीनेछ ।
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरीनेछ ।
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार गरीनेछ ।

- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरीनेछ ।
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाइने छ ।
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरीनेछ
- सक्षम र उत्प्रेरित प्रधानाध्यापक व्यवस्था गरीनेछ ।
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरीनेछ ।

उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरीनेछ ।
- विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरीने छ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरीने छ
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने छ ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरीने छ ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गरीने छ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गरीने छ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिइने छ

- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरीने छ ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाइने छ ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीने छ ।
- शिक्षकको पेसागत सक्षमता विकास गरीने छ ।
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरीने छ ।
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरीने छ ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरीने छ ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने छ ।
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरीने छ ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरीने छ ।

उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरीने छ ।
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरीने छ ।
- स्थानीय तहमा प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपको अवसर सृजना गरीने छ ।
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गरीने छ ।

- प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गरीने छ ।
- प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गरीने छ
- प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरीने छ ।
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाइने छ ।
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गताभएका नागरीक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरीने छ ।
- प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरीने छ
- विद्यार्थीहरूलाई प्राविधिक तथा अपाङ्ग शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धीत संस्थाहरूसँग समन्वय तथा सहकार्य गरीने छ ।
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा अपाङ्ग शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने छ ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने छ ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरीने छ ।
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरीने छ ।
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीने छ ।

उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरीने छ ।
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरीने छ ।
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउँन आवश्यक तयारी गरीने छ ।
- कोभिड- १९ जस्ता महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरीने छ ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयार गरीने छ
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरीने छ ।
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ।
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरीने छ ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरीने छ ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरीने छ ।
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गरीने छ ।
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइने छ ।
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गरीने छ
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गरीने छ ।

उद्देश्य नं. ७ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरीने छ ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरीने छ ।
- कार्यरत जनशक्तिको क्षमता विकास गरीने छ ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरीने छ ।

- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरीने छ ।
- जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम सञ्चालन गरीने छ ।
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरीने छ ।
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरीने छ ।
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गरीने छ ।
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरीने छ ।
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरीने छ ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरीने छ ।
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरीने छ ।
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने छ ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरीने छ ।
- पुरस्कार र दण्ड प्रणालीको विकास प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ ।

## २.६ अपेक्षित उपलब्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित भएको हुनेछ
- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन भएको हुने छ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार भएको हुने छ ।
- गुणस्तरीय शिक्षाका लागि योग्य, अपाङ्ग रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित भएको हुने छ ।

- सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरीकको जीवनस्तरमा सुधार भएको हुने छ ।
- उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका अपाङ्ग तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार आएको हुने छ ।
- शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरू सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनेका हुनेछन् ।
- उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको हुने छ ।
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुगेको हुनेछ ।
- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन भएको हुने छ ।
- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्द्धन भएको हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**तालिका नं. १, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स | सूचक | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ९०.५ | १०९ | १०५ | - | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | दि.वि.ल.४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा | स्थानीय | ६८.४ | ७५ | ९० | | | |
| | | प्रदेश | | | | | | |

| क्र.स | सूचक | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९९.१ | ९८.५ | ९९.५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२५.२ | ११२ | १०५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.८ | ९८.५ | ९९.५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११५.० | १०३ | १०० | | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | ११८.० | ११५.० | | | वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९६.८ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १२२.६ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९७.४ | ९९ | १०० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.८ | | स्थानीय | ८८.० | ९५ | १०० | | | |

| क.स | सूचक | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २६.५४ | १० | ५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.० | १.० | १ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.२ | ८० | ९० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | पन्ध्रौं योजना वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११२.३ | १०४ | १०२ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ९५.७५ | ९७ | १०० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१४ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.० | ०.९५ | १ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.१५ | कक्षा ३ मा न्यूनतम सिकाइ — नेपाली भाषा | स्थानीय | ५७.७३ | ६० | ६५ | | | |
| | | प्रदेश | | | | | | |

| क्र.स | सूचक | | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | | | | | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५८.५९ | ६५ | ७० | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५४.३३ | ६२ | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५२.१३ | ६० | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | अङ्ग्रेजी | स्थानीय | ५१.६३ | ६१ | ६४ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ३९.९१ | ६४ | ६६ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५३.७८ | ६० | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| | | विज्ञान | स्थानीय | ३९.९८ | ६४ | ६६ | | | |
| | | | प्रदेश | | | | | | |

| क्र.स | सूचक | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| ३. **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५८.८५ | ४७ | ५० | ६० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना | पन्ध्रौं योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | १०६.३५ | ८० | ९० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०४ | १.१० | १.०५ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | पन्ध्रौं योजना वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ४१.३ | ७० | ७२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ४७.४१ | ५९ | ६२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | ४४.९२ | ६८ | ७२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४६.६६ | ७० | ७२ | | |
| | | | प्रदेश | | | | | |

| क्र.स | सूचक | | आधार वर्ष | २०८१ | २०८३ | २०८५ | सूचकको श्रोत | कार्य सम्पादन सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | |
| **४. जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७०.६ | | | | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | दि.वि.ल.४ (ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.७९ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | दि.वि.ल. (रा.समीक्षा) | दि.वि.ल. (रा.समीक्षा) |
| **५. शिक्षामा लगानी** | | | | | | | | |
| ५.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | १० | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | दि.वि.ल.४ (ने.रा.का.) | शैक्षिक सूचना |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | पन्ध्रौं योजना | शैक्षिक सूचना |

# परिच्छेदः ३
# विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालविकास केन्द्रले महत्वपूर्ण योगदान दिने तथ्यमा निर्विवाद छ । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिबद्ध रहदै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको छ । प्रारम्भिक बालविकाससम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने गरी तयार गरीएका छन् भन्ने कुरा प्रमाणित गरेको छ । विद्यालय क्षेत्र विकास योजना २०७३ देखि २०७९ का अनुसार मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता अनुकूल शिक्षाको पहुँच तथा गुणस्तरीयतालाई सुदृढ गरी वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसितबाट स्तरोन्नति गर्ने राष्ट्रिय अपेक्षालाई साकार गराउने गरी पाँच वर्षे कार्यक्रम लक्षित गरेको छ । यसका लागि शिक्षा क्षेत्रको संस्थागत क्षमतामा सुधार गर्नु एउटा प्रमुख रणनीति हुने भएकोले यस भूमे गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस भूमे गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरीएको छ । यस योजनामा बालविकासको सञ्चालन, रेखदेख लगायतका कुराहरू योजनामा समेटिएका छन् ।

### ३.१.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि प्रारम्भिक बालशिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ । यस भूमे गाउँपालिकामा हाल ३१ सामुदायिक विद्यालयहरूमा बालविकास कक्षा सञ्चालनमा रहेका छन् भने एउटा बालविकास समुदायमा आधारित छ । बाकी २ वटा सामुदायिक विद्यालयहरूमा बालविकास कक्षा सञ्चालन भएको छैन । यस भूमे गाउँपालिकामा सञ्चालित बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ६९.३ प्रतिशत रहेको छ । विद्यालयमा आधारित बालविकास केन्द्रमा ७ सय ६९ जना बालबालिका अध्ययन गरीरहेका छन् । बालविकास शिक्षाको व्यवस्थापनका लागि जम्मा २९ जना बालविकास सहजकर्ताको दरबन्दी रहेको छ । भूमे गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत बालविकास सहजकर्ताहरूको न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. र अधिकतम स्नातक तह रहेको छ भने संङ्घीय सरकारले सहजकर्तालाई उपलब्ध गराउने तलबमान १० हजारमा भूमे गाउँपालिकाले ६ हजार थप गरी व्यवस्थापन गरेको अवस्था छ ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ । अझैं ३३ वटा सामुदायिक विद्यालयहरूमध्ये ४ वटा विद्यालयहरूमा बालविकास कक्षा सञ्चालन गर्न सकिएको छैन जसका लागि भूमे गाउँपालिकाको बाल विकास केन्द्र मिलान कार्यलाई सम्पन्न गर्नु पर्ने देखिन्छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै सो भन्दा बढी दुरीमा रहेको अवस्था छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु पर्दछ । गाउँपालिकाले गाउँपालिकाभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना,गर्ने लक्ष्य लिएको छ ।

तालिका १६

भूमे गाउँपालिका अन्तर्गतका बालबालिकाहरुको सङ्ख्या

| क स | विद्यालयको नाम | बालिका | बालक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **सामुदायिक विद्यालय** | | | | | |
| १ | बाल जनजागरण आधारभूत विद्यालय भूमे ६ | ५ | १४ | १९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बाल विकास आधारभूत विद्यालय जंगडाँडा भूमे २ | ४ | १ | ५ | |
| ३ | बाल ज्योति आधारभूत विद्यालय भूमे २ | २ | २ | ४ | |
| ४ | बाल विकास आधारभूत विद्यालय गोठिवाङ भूमे ९ | ४ | १ | ५ | |
| ५ | बाल विकास आधारभूत विद्यालय नाखे भूमे ६ | २ | ५ | ७ | |
| ६ | ब्रहा आधारभूत विद्यालय भूमे १ | २२ | १३ | ३५ | |
| ७ | आधारभूत विद्यालय सिमचौर भूमे ९ | २७ | २२ | ४९ | |
| ८ | आधारभूत विद्यालय दुवाचौर भूमे ९ | १० | ८ | १८ | |
| ९ | आधारभूत विद्यालय डालिवाङ भूमे ५ | ८ | १२ | २० | |
| १० | आधारभूत विद्यालय लावाङ भूमे ७ | १२ | ९ | २१ | |
| ११ | भूमि आधारभूत विद्यालय भूमे १ | १४ | १४ | २८ | |
| १२ | चैतेछहरा आधारभूत विद्यालय भूमे ९ | ७ | ८ | १५ | |
| १३ | छेलोफाल्ने आधारभूत विद्यालय भूमे ७ | ३ | ८ | ११ | |
| १४ | हिमालय आधारभूत विद्यालय भूमे २ | ८ | ६ | १४ | |
| १५ | जन विकास आधारभूत विद्यालय भूमे ४ | ६ | १४ | २० | |
| १६ | जनजागृति माध्यमिक विद्यालय भूमे ६ | १२ | ४ | १६ | |
| १७ | जनशक्ति माध्यमिक विद्यालय काँडा भूमे ४ | ८ | १७ | २५ | |
| १८ | जनशक्ति आधारभूत विद्यालय भूमे ८ | ९ | १० | १९ | |
| १९ | जनता आधारभूत विद्यालय भूमे ५ | १२ | १२ | २४ | |
| २० | जनचेतना आधारभूत विद्यालय भूमे ६ | ११ | ६ | १७ | |
| २१ | जनज्योति आधारभूत विद्यालय भूमे ७ | १० | ९ | १९ | |
| २२ | मदन स्मृति आधारभूत विद्यालय भूमे ९ | १० | २ | १२ | |
| २३ | नमूना आधारभूम विद्यालय भूमे ३ | ५ | ६ | ११ | |
| २४ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय भूमे ८ | १३ | १४ | २७ | |
| २५ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे ९ | ८ | ६ | १४ | |
| २६ | प्रभुकुटि बालविकास बाहुनगादिना भूमे ९ | ७ | ३ | १० | |
| २७ | सान्नी आधारभूत विद्यालय भूमे ९ | ० | १ | १ | |
| २८ | सरस्वती माध्यमिक विद्यालय भूमे ८ | १० | १३ | २३ | |
| २९ | माध्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ३ | ११ | १४ | |
| ३० | सहिद बासुस्मृति नमूना विद्यालय भूमे ३ | १४ | १२ | २६ | |
| ३१ | सहिद शुक्र माध्यमिक विद्यालय भूमे ३ | ५ | १२ | १७ | |
| ३२ | शिद्दचौर माध्यमिक विद्यालय भूमे १ | १२ | १० | २२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | टकसार आधारभूत विद्यालय भूमे ३ | १५ | ७ | २२ | |
| ३४ | त्रिभुवन माध्यमिक विद्यालय भूमे २ | ६ | ५ | ११ | |
| ३५ | त्रिबेणी माध्यमिक विद्यालय भूमे २ | ११ | ९ | २० | |
| | सामुदायिक जम्मा | ३१५ | ३०६ | ६२१ | |
| **संस्थागत विद्यालय** | | | | | |
| ३६ | प्रोग्रेसिभ इङ्लिस बोर्डिङ स्कुल भूमे १ | २१ | २४ | ४५ | |
| ३७ | नमूना सामुदायिक बोर्डिङ स्कुल भूमे २ | ४३ | ६० | १०३ | |
| | संस्थागत जम्मा | ६४ | ८४ | १४८ | |
| | सामुदायिक र संस्थागतको जम्मा | ३७९ | ३९० | ७६९ | |

तालिका १७

भूमे गाउँपालिकाको प्रारम्भिक बालविकासका सूचक र नतिजा

| क.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९८.८ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ६७.३ |
| ३ | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत | ६९.३ |
| ४ | प्रारम्भिक बालविकास तहको कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.०२ |

### ३.१.३ लक्ष्य

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने ।

### ३.१.४ उद्देश्य

- तोकिएको उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउनु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.५ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- बालविकासको शिक्षाको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

- स्थानीय सान्दर्भिकतामा पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- बालविकासमा लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता र गुणस्तर वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य तथा सहलगानीको वातावरण बनाउने ।
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- प्रारम्भिक बालविकासमा कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि अधिकार सम्पन्न प्रभावकारी संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्डलाई समयानुकूल स्थानीयकरणका लागि सुझाव पेस गर्ने,
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने,
- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

प्रमुख नतिजा:

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था र विद्यालयहरूसँग सहकार्य भएको हुने ।

प्रमुख नजिता र परिमाणात्मक लक्ष्य:

| क्रसं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षामा सहज पहुँच पुगेको हुने । (NER) | प्रतिशत | ६७.३ | ७०.७ | ७४.२ | ७७.९ | ८२.०० | |
| २. | सबै बालबालिकाहरु प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना भएको हुने | प्रतिशत | ६९.३ | ७२.५ | ७५.८ | ७९.४ | ८३.१ | |
| ३. | न्युनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू पुरा गर्ने ECED केन्द्र | सङ्ख्या | ० | ५ | ९ | १५ | ३० | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र प्रविधि मैत्रि भएको | सङ्ख्या | ० | ५ | ९ | १५ | ३० | |

**प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्रस | प्रस्तावित कार्यक्रमहरु | इकाई | वार्षिक भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन | विद्यालय | ० | ३ | ३ | ३ | ५ | |
| २ | विद्यमान बालविकास (सहित संस्थागत विद्यालयका सुविधा)को पुनरवलोकन गर्ने र आवश्यकताको पहिचानको आधारमा नयाँ ECED केन्द्रहरू स्थापना | पटक | ० | | १ | | १ | |
| ३ | बालविकासका न्यूनतम मापदण्डहरूको पालना सुनिश्चित गर्न ECED मैत्री WASH सुविधा उपलब्ध गराउने | विद्यालय | ० | ५ | ५ | ६ | ७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | दिवाखाजा कार्यक्रम सञ्चालन | विद्यार्थी | ६५५ | ७२० | ७२७ | ७३४ | ७४१ | |
| ५ | बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ सम्बन्धी मापदण्डहरूको कार्यान्वयन (बालमैत्री सामग्री विकास कार्यशाला) | पटक | ० | १ | ० | १ | १ | |
| ६ | निर्धारित मापदण्डहरू र योगदानका आधारमा प्रगति भएको आधारमा ECED केन्द्रहरू र शिक्षकहरूलाई अनुदान | केन्द्र | | ८ | ८ | ८ | ८ | |
| ७ | विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | जना | | १० | १० | १० | १० | |
| ८ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | वटा | | ३५ | ३५ | ३५ | ३५ | |
| ९ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | शिक्षक | २९ | २९ | २९ | २९ | २९ | |
| १० | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | शिक्षक | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| ११ | ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता (पालिका) | शिक्षक | ५ | ५ | ५ | ७ | ७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता (पालिकाबाट थप) | शिक्षक | २९ | २९ | २९ | २९ | २९ | |
| १३ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | शिक्षक | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| १४ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | विद्यार्थी | ६५५ | ७२० | ७२७ | ७३४ | ७४१ | |
| १५ | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि सहयोग | विद्यार्थी | ० | ४० | ४० | ४० | ४० | |
| | पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | | | |
| १६ | मनोरम बालविकासका लागि भित्तेलेखन कार्यक्रम | विद्यालय | ० | ५ | ६ | ७ | ८ | |
| १७ | बालविकासका लागि सिकाइ सामग्री Indoor सहयोग | विद्यालय | ० | ५ | ७ | ८ | १० | |
| १८ | बालविकासका लागि सिकाइ सामग्री Outdoor सहयोग | विद्यालय | ० | २ | ३ | ४ | ५ | |
| १९ | बालविकासका लागि वसाई व्यवस्थापन सहयोग | विद्यालय | ० | ४ | ५ | ५ | ५ | |
| २० | अभिभावक शिक्षा कार्यक्रम संचालन | पटक | | १ | १ | १ | १ | |
| २१ | मगर खाम भाषालाई प्राथमिकता दिइ भाषा सिकाईमा सहजिकरण | पटक | ० | १ | १ | १ | १ | |

### ३.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | पाँच बर्षको लगानीको अनुमान | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन | ० | ३०० | ३०० | ३०० | ५०० | |
| २ | विद्यमान बालविकास (सहित संस्थागत विद्यालयका सुविधा) हरुको पुनरवलोकन गर्ने र आवश्यकताको पहिचानको आधारमा नयाँ ECED केन्द्रहरू स्थापना | ० | ० | १०० | ० | १०० | |
| ३ | बालविकासका न्यूनतम मापदण्डहरूको पालना सुनिश्चित गर्न ECED मैत्री WASH सुविधा उपलब्ध गराउने | ० | ५०० | ५०० | ६०० | ७०० | |
| ४ | दिवाखाजा कार्यक्रम सञ्चालन | २६८६ | २९५२ | २९८१ | ३००९ | ३०३८ | |
| ५ | बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ सम्बन्धी मापदण्डहरूको कार्यान्वयन (बालमैत्री सामग्री विकास कार्यशाला) | ० | १०० | ० | १०० | १०० | |
| ६ | निर्धारित मापदण्डहरू र योगदानका आधारमा प्रगति भएको आधारमा ECED केन्द्रहरू र शिक्षकहरूलाई अनुदान | १०८ | १०८ | १०८ | १०८ | १०८ | |
| ७ | विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | ० | ० | ० | १० | १२ | |
| ८ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| ९ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | ३७७० | ३७७० | ३७७० | ३७७० | ३७७० | |
| १० | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक | ३६० | ३६० | ३६० | ३६० | ३६० | |
| ११ | ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता (पालिका) | ९७५ | ९७५ | ९७५ | १३६५ | १३६५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता (पालिकाबाट थप) | १८८५ | | १८८५ | १८८५ | १८८५ | |
| १३ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| १४ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | ३२८ | ३६० | ३६४ | ३६७ | ३७१ | |
| १५ | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि सहयोग | ० | २४२ | २४५ | २४७ | २४९ | |
| | पालिकाबाट गर्न चाहेका कार्यक्रमहरु: | | | | | | |
| १६ | मनोरम बालविकासका लागि भित्तेलेखन कार्यक्रम | ० | ५०० | ६०० | ७०० | ८०० | |
| १७ | बालविकासका लागि सिकाइ सामग्री Indoor सहयोग | ० | १५०० | २१०० | २४०० | ३००० | |
| १८ | बालविकासका लागि सिकाइ सामग्री Outdoor सहयोग | | ४०० | ६०० | ८०० | १००० | |
| १९ | बालविकासका लागि वसाई व्यवस्थापन सहयोग | | २४० | ३०० | ३०० | ३०० | |
| २० | अभिभावक शिक्षा कार्यक्रम संचालन | | | | | | |
| २० | मगर खाम भाषालाई प्राथमिकता दिइ भाषा सिकाईमा सहजिकरण | | २०० | २०० | २०० | २०० | |
| | प्रारम्भिक बालविकासको जम्मा बजेट रु | १०१९२००० | १२९८८३९४ | १५८६७९६५ | १७००२५३६ | १८३३९०३९ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत तह विद्यालय शिक्षाको जग हो । आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षका बालबालिकाहरूलाई समेट्छ । यसर्थ विद्यालय शिक्षाको सुरुवात र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरीन्छ । नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरीकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकूल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत तहको शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीन वटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ । यसका साथै अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले वि.सं. २०८५ सम्ममा आधारभूत तहसम्मको शिक्षा प्राप्त नगरेको नागरीक कुनै पनि सार्वजनिक पद धारणका लागि अयोग्य हुने ब्यवस्था गरेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुने उल्लेख छ । भूमे गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १-२ सञ्चालन भएका १, कक्षा १–३ सञ्चालन भएका २, कक्षा १–५ सञ्चालन भएका १४ वटा र कक्षा १–८ सञ्चालन भएका ८ वटा विद्यालयहरू छन् । त्यसैगरी, कक्षा १–१० सञ्चालन भएका ५ वटा र कक्षा १–१२ सञ्चालन भएका ४ वटा गरी जम्मा ३४ वटा छन् । संस्थागततर्फ २ वटा विद्यालय सञ्चालनमा रहेको छ ।

भूमे गाउँपालिकाको IEMIS तथ्यांङ्क २०८१ अनुसार आधारभूत तह कक्षा १-५ र कक्षा १-८ मा रहेका विद्यालयहरुको सङ्ख्या तल उल्लेख गरीएको छ ।

तालिका १८

भूमे गाउँपालिकाको आधारभूत तहका विद्यालय र बालबालिका सङ्ख्या

| कक्षा | सामुदायिक | | | संस्थागत | | | कुल जम्मा | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | |
| कक्षा १ | २१७ | १८५ | ४०२ | २४ | १८ | ४२ | २४१ | २०३ | ४४४ |
| कक्षा २ | १७१ | १४४ | ३१५ | ७ | १५ | २२ | १७८ | १५९ | ३३७ |
| कक्षा ३ | १५२ | १६७ | ३१९ | ११ | ७ | १८ | १६३ | १७४ | ३३७ |
| कक्षा ४ | १७० | १७१ | ३४१ | १० | १४ | २४ | १८० | १८५ | ३६५ |
| कक्षा ५ | १८१ | १५६ | ३३७ | ६ | १२ | १८ | १८७ | १६८ | ३५५ |
| १-५ जम्मा | ८९१ | ८२३ | १७१४ | ५८ | ६६ | १२४ | ९४९ | ८८९ | १८३८ |
| कक्षा ६ | १६४ | १५९ | ३२३ | ६ | ७ | १३ | १७० | १६६ | ३३६ |
| कक्षा ७ | १७३ | १६९ | ३४२ | २ | ७ | ९ | १७५ | १७६ | ३५१ |
| कक्षा ८ | २०६ | १६२ | ३६८ | ३ | ४ | ७ | २०९ | १६६ | ३७५ |
| ६-८ जम्मा | ५४३ | ४९० | १०३३ | ११ | १८ | २९ | ५५४ | ५०८ | १०६२ |
| १-८ जम्मा | १४३४ | १३१३ | २७४७ | ६९ | ८४ | १५३ | १५०३ | १३९७ | २९०० |

*स्रोत: पालिका IEMIS २०८१*

आधारभूत तहमा कुल विद्यार्थी सङ्ख्या २ हजार ९ सय रहेका छन् जसमध्ये बालिका १५०३ र बालक १३९७ रहेको देखिन्छ । बालक र बालिकाको प्रतिशत हेर्दा ५१.८३ प्रतिशत बालिका र ४७.१७ प्रतिशत बालकको सङ्ख्या देखिन्छ । सामुदायिक तर्फका विद्यालयमा अध्ययनरत विद्यार्थी २७४७ (१४३५ बालिका र १३१३ बालक) जना छन भने संस्थागततर्फ १५३ (६९ बालिका र ८४ बालक) विद्यार्थी अध्ययन गरीरहेका छन । यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी सङ्ख्या १ हजार ७ सय १४ र विद्यालय विद्यार्थी अनुपात १:६७ रहेको छ । यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी सङ्ख्या १ हजार ६२ र विद्यालय विद्यार्थी अनुपात १:७६ रहेको छ ।

यस पालिका अन्तर्गतका आधारभूत तहका विद्यालयहरुमा जम्मा २०३ जना शिक्षकहरु कार्यरत रहेको अवस्था छ । जसमध्ये महिला १०४ र पुरुष ९९ जना रहेको देखिन्छ । आधारभूत तहमा कार्यरत शिक्षकहरुको विवरण तल उल्लेख गरीएको छ ।

## तालिका १९

## भूमे गाउँपालिकाको आधारभूत तहका शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दी | | पालिका अनुदान | | नीजी स्रोत | | राहत अनुदान | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | शिक्षक |
| सामुदायिक विद्यालय | | | | | | | | | | | |
| कक्षा १-५ | ४३ | ४४ | ९ | ९ | ७ | ७ | ६ | ५ | ६५ | ६५ | १३० |
| कक्षा ६-८ | ६ | ८ | १२ | ११ | २ | २ | ४ | ५ | २४ | २६ | ५० |
| जम्मा | ४९ | ५२ | २१ | २० | ९ | ९ | १० | १० | ८९ | ९१ | १८० |
| संस्थागत विद्यालय | | | | | | | | | | | |
| कक्षा १-५ | ० | ० | ० | ० | ७ | ५ | ० | ० | ७ | ५ | १२ |
| कक्षा ६-८ | ० | ० | ० | ० | ४ | ४ | ० | ० | ४ | ४ | ८ |
| जम्मा | ० | ० | ० | ० | ११ | ९ | ० | ० | ११ | ९ | २० |
| जम्मा शिक्षक | ४९ | ५२ | २१ | २० | २२ | १८ | १० | १० | १०० | १०० | २०० |

*स्रोत: पालिका IEMIS २०८१*

यस पालिकामा आधारभूत तहमा जम्मा २०० शिक्षकमध्ये १८० जना सामुदायिक विद्यालयका शिक्षक छन् भने २० जना संस्थागत विद्यालयका शिक्षकहरु कार्यरत छन् । उल्लेखित तथ्याङ्कका आधारमा आधारभूत तह कक्षा १-५ को शिक्षक बिद्यार्था अनुपात १:१३.५ रहेको छ । यसैगरी कक्षा ६-८ को शिक्षक विद्यार्थी अनुपात १:१६.६ रहेको छ भने आधारभूत तह कक्षा ६-८ को शिक्षक विद्यार्थी अनुपात १:१४.३ रहेको देखिन्छ । यसैगरी आधारभूत तह कक्षा १-८ पुरा गर्नेको दर ५०.८ देखिन्छ ।

फ्ल्यास रिपोर्ट २०७८ अनुसार भूमे गाउँपालिकामा आधारभूत तहको खुद भर्नादर ९६.२ रहेको छ । जसमध्ये (१-५) तर्फ खुद भर्नादर ९६.८ र (६-८) तर्फ खुद भर्नादर ९५.६ रहेको छ । यस्तै आधारभूत तहको कूल भर्नादर ११२.३ रहेको छ । जसमध्ये (१-५) तर्फ कूल भर्नादर १२२.६ र (६-८) तर्फ कूल भर्नादर १०९.७ रहेको छ । भूमे गाउँपालिकाको कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर ८८.०,कक्षा १ देखि ५ सम्मको कक्षा दोहोर्‍याउने दर ९.४ र कक्षा १ देखि ५ सम्मको विद्यालय छोड्ने दर २.६ छ । यस्तै कक्षा ६ देखि ८ सम्मको उत्तीर्ण दर ९२.५,कक्षा ६ देखि ८ सम्मको कक्षा दोहोर्‍याउने दर १.६ र कक्षा ६ देखि ८ सम्मको विद्यालय छोड्ने दर ५.९ प्रतिशत रहेको छ ।

### ३.२.३ लक्ष्य

- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउने,
- विद्यालय शिक्षाको प्रशासनिक तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्ने
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने,
- सिकाइलाई दैनिक जीवनसँग जोडि व्यवहारिक बनाउने,
- अन्तर्सम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.२.५ रणनीतिहरू

- विद्यालय नक्साङ्कन गर्ने, आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि नीतिगत ब्यवस्था र स्रोत सुनिश्चित गर्ने,
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- मगर खाम भाषाको माध्यामबाट पठनपाठन गराउन आवश्यक नीतिगत ब्यवस्था र वातावरण बनाउने,
- विद्यालयलाई वातावरणमैत्री र जलवायूमैत्री ब्यवहार अनुकुल बनाउन बालउद्यान कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने वातावरण बनाउने र सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराउने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

- व्यवहारिक जीवन र दैनिक कार्यसंग सम्बन्धीत परियोजनाकार्यमा संलग्न शिक्षा तथा विद्यार्थीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमता विकास गर्ने,
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,
- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने,

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- हरेक आधारभूत तहका विद्यालयहरुबाट न्यूनतम शैक्षिक सक्षमता हासिल भएका हुनेछन् ।
- आधारभूत तहका विद्यालयहरुको गुणस्तरीय सिकाई वातावरणमा सुधार भएको हुनेछ ।

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ ।

**नतिजा:**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने,
- सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने,
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

## आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रम | इकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ११३ | ११३ | ११३ | ११३ | ११३ | |
| २ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| ३ | आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको तलव भत्ता | जना | १८ | २० | २२ | २४ | २४ | |
| ४ | आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको पोषाक भत्ता | जना | १८ | २० | २२ | २४ | २४ | |
| ५ | आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको तलव भत्ता (सङ्घीय तर्फ) | जना | ७ | १० | १० | १० | १० | |
| ६ | आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको तलव भत्ता (स्थानीय तर्फ) | जना | २५ | २९ | २९ | २९ | २९ | |
| ७ | आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको पोषाक भत्ता | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ८ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | २५ | २५ | २५ | २५ | २५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यार्थी | १७ | १७ | १७ | १७ | १७ | |
| १० | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यार्थी | ८ | ८ | ८ | ८ | ८ | |
| ११ | आधारभूत तह (कक्षा १-५) का लागि प्र.अ.भत्ता | जना | १९ | १९ | १९ | १९ | १९ | |
| १२ | आधारभूत तह (कक्षा ६-८) का लागि प्र.अ.भत्ता | जना | ९ | ९ | ९ | ९ | ९ | |
| १३ | सामुदायिक सिकाई केन्द्र CLC का लागि प्रबिधि तथा इन्टरनेट सुबिधा | ० | २०० | २०० | २०० | २०० |
| १४ | समुदायमा जनसङ्ख्याको तथ्याङ्क संकलन वर्गीकरण बिश्लेषण गर्ने विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने | ० | ८० | ८० | ८० | ८० |
| १५ | CLC हरुमा पुस्तकालय तथा E Library स्थापना सहयोग | ० | ८०० | ८०० | ८०० | ८०० |
| | अनौपचारिक तथा जीवनप्रयत्न सिकाईको जम्मा बजेट | १८३०००० | ३४६०००० | ३५६०००० | ३४६०००० | ३३६०००० |

# परिच्छेदः ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्याङ्कन

### ४.१.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवं विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धीत नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ । जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरीएको छ ।

### ४.१.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्ताबेजिकरण गरीएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि सं २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि २०८० सम्म कक्षा १ देखि १२ सम्म कार्यान्वयन भयो ।

भूमे गाउँपालिकामा कक्षा १ देखि ३ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने कक्षा ४ देखि ८ सम्म २०८० सालदेखि कार्यान्वयनको क्रममा छ । पाठ्यक्रम तथा

पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११-१२ मा अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ ।

विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धीत विषयवस्तुलाई एकीकृत गरीएको छ । विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरीएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराँकन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ ।

**लक्ष्य**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार बनाउने ।

### ४.१.३ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउनु
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

### ४.१.४ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरीने
- विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरीने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरीने

- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीने
- शिक्षकको पेसागत सक्षमता विकास गरीने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरीने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरीने
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरीने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरीने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरीने

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरीक तयार भएका हुनेछन् ।

प्रमुख नतिजाः

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

### ४.१.६ पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | इकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | पटक | ० | १ | १ | १ | १ |
| २ | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | पटक | ० | ० | १ | ० | १ |
| ३ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | ० | ० | १ | १ | १ |
| ५ | आधारभूत तहको पाठ्यक्रमका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम | शिक्षक | ० | ५० | ५० | २४ | २४ |
| ६ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमाः- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास | | ३४ | ३४ | ३४ | ३४ | ३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | | | | | | |
| ७ | प्राविधिक धारका विषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमाः- प्राविधिक धारका विषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग विषयहरु समाबेश गर्ने) | पटक | ० | ६ | ४ | ४ | ४ |
| ८ | बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमाः- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | पटक | ० | 1 | 1 | 1 | 1 |
| ९ | विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | पटक | ० | १ | ० | ० | १ |
| १० | भूमे गाउँपालिकाको मगर खाम भाषाको पाठ्यक्रम तयारी तथा कार्यान्वयन | पटक | ० | १ | ० | १ | ० |
| ११ | एकिकृत पाठ्यक्रम सम्बन्धी शिक्षक क्षमता विकास गर्ने | पटक | ० | १ | ० | १ | ० |

### ४.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ० | ४५० | ४५० | ४५० | ४५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | ० | ३०० | ० | ३०० |
| ३ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | २०० | २०० | २०० | २०० | २०० |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | ० | ० | ४०० | ४०० | ४०० |
| ५ | आधारभूत तहको पाठ्यक्रमका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम | ० | ० | ४०० | ४०० | ४०० |
| ६ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमाः- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ० | १७० | १७० | १७० | १७० |
| ७ | प्राविधिक धारका विषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमाः- प्राविधिक धारका विषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग विषयहरु समाबेश गर्ने) | ० | ८०० | ६०० | ६०० | ६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमाः- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | ० | २०० | २०० | २०० | २०० |
| ९ | विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | ० | ५०० | ० | ० | ५०० |
| १० | भूमे गाउँपालिकाको मगर खाम भाषाको पाठ्यक्रम तयारी तथा कार्यान्वयन | ० | ५०० | ० | ५०० | ० |
| ११ | एकिकृत पाठ्यक्रम सम्बन्धी शिक्षक क्षमता विकास गर्ने | ० | ४०० | ० | ४०० | ० |
| | पाठ्यक्रम तथा पाठ्य सामग्रीको जम्मा बजेट | २००००० | ३२२०००० | २७२०००० | ३३२०००० | ३२२०००० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य अपाङ्ग रूपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । किनभने शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना ,परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने ,प्रविधिको प्रयोग गरी शिक्षण गर्ने ,बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम ,छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरीयो ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरीने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आकलन गरीएको छ । कक्षाकोठाको शिक्षणसिकाइ लाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी

बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पुरा गर्नका लागि अपनाईने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरीएको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय तथा विद्यालयहरूले गरीरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरी अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

यस भूमे गाउँपालिकामा शिक्षक विद्यार्थी हाल शिक्षक विद्यार्थी अनुपात १:१४.८ रहेको छ र राष्ट्रिय रूपमा १:२४ रहेको छ । भूमे गाउँपालिकामा बालविकास केन्द्रमा २९, प्राथमिक तहमा दरबन्दी तर्फ ८७ र राहत तर्फ ११, निम्न माध्यमिक तहमा साधारण दरबन्दी तर्फ १३ जना र राहत दरबन्दीमा ९ जना, माध्यमिक तहमा १७ जना साधारण दरबन्दीमा र १ जना राहत दरबन्दी शिक्षक सङ्ख्या रहेको छ । माध्यमिक तह ११-१२ मा ८ जना शिक्षक सङ्ख्या रहेको छ । विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेसागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू विभिन्न सङ्घसस्था, मानव श्रोत तथा संसाधन केन्द्र, प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुदै आएका छन । शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरीने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, पेसागत विकास लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता देखिएको छ ।

**लक्ष्य**

- गुणस्तरीय शिक्षाका लागि योग्य, अपाङ्ग रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

### ४.२.३ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु,
- शिक्षक नियुक्ति, रसरूवा, बढुवा र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.४ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरीने
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरीने
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरीने
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरीने
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीने
- खेलकुद, कला, स्वास्थ्य तथा संगीतसँग सम्बन्धित तालिम प्राप्त शिक्षक व्यवस्थापन गरीने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

प्रमुख नतिजा

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विविधता, तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

### ४.२.६ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | पटक | ० | ० | १ | ० | १ | |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | जना | ६ | ६ | ६ | ६ | ६ | |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको विषयबस्तुहको पाठ अध्ययन सामग्री विकास सम्बन्धी तालिम दिने | विद्यालय | ६ | ७ | ९ | ११ | १३ | |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित Online/Offline सिकाई सम्बन्धी तालिम | शिक्षक | ० | ४० | ४० | ४० | ४० | |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | शिक्षक | ० | ४० | ४० | ४० | ४० | |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | शिक्षक | ० | ३६ | ३६ | ३६ | ३६ | |
| ७ | ECED सँग सम्बन्धित विभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण तालिम सन्चालन गर्ने | शिक्षक | ० | ३६ | ० | ० | ३६ | |
| ८ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरीएको प्रणालीको अनिवार्य कार्यान्वयन गरीने | जना | ९ | ८ | ९ | ९ | | |
| ९ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी तालिम दिने | जना | ० | ३७ | ० | ० | ३७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षक अनुगमन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने/शिक्षक मेन्टरीङ सुपरिबेक्षण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा दिने) | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | जना | | | | | | सङ्घ तथा प्रदेशबाट |
| १३ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| १४ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| १५ | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा दिने) | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| १६ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| १८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | जना | ० | १ | १ | १ | १ | सङ्घ तथा प्रदेशबाट |
| १९ | आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा दिने) | जना | ० | ० | ० | ० | ० | सङ्घ तथा प्रदेशबाट |
| २० | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | जना | ११ | ११ | ११ | ११ | ११ | |
| २२ | समाहित शिक्षा सन्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | ० | ० | ० | ० | १ | |
| २३ | विद्यालयमा लेखा जिन्सी व्यवस्थापन सम्बन्धि तालिम संचालन | पटक | ० | १ | ० | ० | १ | |
| २४ | विद्यालयका शिक्षकहरुको अवस्था नक्साङ्कन र अवस्था विश्लेषण गर्ने | पटक | ० | १ | ० | १ | ० | |
| २५ | शिक्षकहरुलाई स्तरिय परिक्षा संचालन निरन्तर मूल्यांकन पद्दति र प्रश्न निर्माण तालिम संचालन गर्ने (वार्षिक परिक्षा कार्यान्वयन समेत) | पटक | ० | १ | १ | १ | १ | |
| २६ | विद्यालयका कर्मचारी तथा भान्सेहरुको क्षमता विकास तथा व्यवस्थापन अनुदान | जना | ० | ३६ | ० | ३६ | ० | |
| २७ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि पालिका स्तरमा स्रोत शिक्षकको प्रावधान राखि विषयगत प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्ने | जना | ० | १० | ० | १० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | शिक्षकहरुका लागि विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | | |
| २९ | विद्यालयमा शिक्षक उत्प्रेरणा कार्यक्रम संचालन | पटक | ० | १ | १ | १ | १ | |
| ३० | विद्यालयमा शिक्षकहरुका लागि विद्यालय सुरक्षा तालिम संचालन | जना | ० | ३८ | ३८ | ३८ | ३८ | |
| ३१ | शिक्षकहरुका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | ० | |
| ३२ | शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | ० | |

### ४.२.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | ० | ० | १०० | ० | १०० |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | २५० | २५० | २५० | २५० | २५० |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको विषयबस्तुहको पाठ अध्ययन सामग्री विकास सम्बन्धी तालिम दिने | ० | २०० | २०० | २५० | ३०० |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित Online/Offline सिकाई सम्बन्धी तालिम | ० | ६०६ | ६०० | ६०० | ६०० |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | ० | १००० | १००० | १००० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | ० | ३६० | ३६० | ३६० | ३६० |
| ७ | ECED सँग सम्बन्धित विभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | ० | ३६० | ० | ० | ३६० |
| ८ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरीएको प्रणालीको अनिवार्य कार्यान्वयन गरीने | ९० | ८० | ८५ | ८५ | ० |
| ९ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी तालिम दिने | ० | १८५ | ० | ० | १८५ |
| १० | शिक्षक अनुगमन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने/शिक्षक मेन्टरीङ सुपरिबेक्षण कार्यक्रम | ० | ५०० | ५०० | ५०० | ५०० |
| ११ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ० | ५०० | ५०० | ५०० | ५०० |
| १२ | समाहित शिक्षा सन्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | ० | ० | ० | ० | ४०० |
| | तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | |
| १३ | विद्यालयमा लेखा जिन्सी व्यवस्थापन सम्बन्धि तालिम संचालन | ० | ५०० | ० | ० | ५०० |
| १४ | विद्यालयका शिक्षकहरुको अवस्था नक्साङ्कन र अवस्था बिश्लेषण गर्ने | ० | ५० | ० | ५० | ० |
| १५ | शिक्षकहरुलाई स्तरिय परिक्षा संचालन निरन्तर मूल्यांकन पद्दति र प्रश्न निर्माण तालिम संचालन गर्ने (वार्षिक परिक्षा कार्यान्वयन समेत) | ० | ८०० | ८०० | ८०० | ८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | विद्यालयका कर्मचारी तथा भान्सेहरुको क्षमता विकास तथा व्यवस्थापन अनुदान | ० | ३०० | ३०० | ३०० | ३०० |
| १७ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि पालिका स्तरमा स्रोत शिक्षकको प्रावधान राखि विषयगत प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्ने | ० | ५०० | ० | ५०० | ० |
| १८ | शिक्षकहरुका लागि विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम सञ्चालन गर्ने | ० | ३०० | ० | ३०० | ० |
| १९ | विद्यालयमा शिक्षक उत्प्रेरणा कार्यक्रम संचालन | ० | ५० | ० | ५० | ० |
| २० | विद्यालयमा शिक्षकहरुका लागि विद्यालय सुरक्षा तालिम संचालन | ० | ३८० | ३८० | ३८० | ३८० |
| २१ | शिक्षकहरुका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना सम्बन्धी तालिम सञ्चालन गर्ने | ० | ४०० | ० | ४०० | ० |
| २२ | शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम सम्बन्धी तालिम सञ्चालन गर्ने | ० | ४०० | ० | ४०० | ० |
| | शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट | ३४०००० | ७७२१००० | ५०७५००० | ६७२५००० | ६५३५००० |

## ४.३ शैक्षिक समता तथा समावेशिकरण

### ४.३.१ परिचय

नेपालमा विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायको बसोबास रहेको छ । यसरी बसोबास रहेका समुदायको विविधता लाई एकातिर पहिचान र सामर्थ्यको रूपमा लिने गरीएको देखिन्छ भने अर्को तर्फ ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितिकरणमा परेका समुदाय पनि छन् । यस्ता समुदायहरू सामाजिक, ऐतिहासिक, आर्थिक तथा शैक्षिक वञ्चितिकरणमा पर्न गइ अहिलेसम्म पनि यस्तो वञ्चितिकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । जसको प्रभाव शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमको अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागी बनाउन थप प्रयास आवश्यक देखिन्छ । यसर्थ शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ ।

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घर नजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ ।

अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक–सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्दछन् । नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोबास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र

सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हाल सम्म सञ्चालित छ । शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ ।

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, सालामान्का घोषणा सन १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबै लाई शिक्षाको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

नेपालको संविधानले आधारभूत तहको शिक्षा लाई नागरीकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकले कानुन ऐनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदाय लाई कानुन ऐनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट वञ्चितिकरणमा परेका बालबालिकाहरू लाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरीएको छ । कोहलपुर गाउँपालिकाले अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरू लाई छात्रवृत्ति र प्राविधिक तथा अपाङ्ग शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढाउन मद्दत पुगेको देखिन्छ । श्रोत कक्षा, विशेष विद्यालय तथा समावेशी विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । २०७८ सालको जनगणना अनुसार भूमे गाउँपालिकामा ४.७ प्रतिशत अपाङ्गता भएकाको जनसङ्ख्या छ

। जसमध्ये महिला ४.१ र पुरुष ५.४ प्रतिशत छन् । यसैगरी भूमे गाउँपालिकाको IEMIS तथ्याङ्कलाई हेर्दा जम्मा ३८ (१७ बालिका र २१ बालक) जना अपाङ्गता भएका बालबालिकाहरु मात्र विद्यालयमा भएको देखिन्छ । जुन कुल विद्यार्थीको ०.८ प्रतिशत मात्र हो । कुल जनसङ्ख्याबाट अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या र विद्यालयमा अपाङ्गता भएका बालबालिकाहरुको सङ्ख्या हेर्दा अपाङ्गता भएका बालबालिकाहरुका लागि पहुँच पुगेको अवस्था देखिदैन ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरू लाई लक्षित गरी आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स आदि कार्यक्रमहरू कार्यान्वयन गरीएतापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन ।

भूमे गाउँपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द्वपीडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कार्यक्रमहरु सञ्चालन गरीरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन ।

विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडि तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेका हरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र श्रोत कक्षाको स्थापना गर प्रभावकारीता अभिबृद्दि गर्नु यस क्षेत्रका मुख्य चुनौतिहरु हुन ।

नेपालको संबिधान अनुसार कमजोर पृष्ठभूमिका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक तहको शिक्षामा निशुल्कता, र अपाङ्गता भएका बालबालिकाहरुको निशुल्क उच्च शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था छ । छात्रा र दलित एवम् सिमान्तकृत बालबालिकाहरुका लागि छात्रबृत्ति प्रदान गर्नु र विद्यालयका कक्षाकोठामा बिबिध पक्षबाट व्यवस्थापन गरी शसक्त बनाउदै लैजानु गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच

पुऱ्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरीनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

**समस्या तथा चुनौतिहरू**

माथि उल्लेखित विश्लेषणको आधारमा समाबेशी शिक्षाका निम्न समस्या तथा चुनौतिहरू छन्-ः

- अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।
- सामाजिक अवस्था, दलित तथा विपन्नताका कारण बालबालिकाहरू बीचमै विद्यालय छोड्नु ।
- विद्यालयका संरचनाहरु अपाङ्गमैत्री हुन नसक्नु ।
- सिकाईको विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु ।
- समावेशि शिक्षण सिकाइका लागि आवश्यक सक्षमता विकास तथा प्रयोग नहुनु ।

लक्ष्य

- शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने

### ४.३.३ उद्देश्य

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु
- UDL (Universal Design for Learning) को अवधारणा बमोजिम लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

### ४.३.४ रणनीतिहरू

- विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने र यसका लागि बालमैत्री विद्यालय प्रारूप तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।
- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराउने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गर्ने
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षाका नमुनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने
- समाबेशी शिक्षा सञ्जात कार्यान्वयन कार्यबिधि निर्माण गरी कार्यान्वयन गर्ने
- बालबालिकाहरूमा सामाजिक, मानसिक र शारीरिक कारणले गर्दा हुने समस्याहरूको समाधान गर्न विज्ञ मनोचिकित्सकहरू मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा उपलब्ध गराउन शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने
- आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरीने
- विद्यालयमा अभिभावकको सहभागिता बढाउने
- समाबेशी र समाहित शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने
- महिनावारीको कारण छात्राहरूले कक्षा छोड्ने दर घटाउन सबै छात्राहरू लाई पुग्ने गरी घरमा लिने र विद्यालयमा उपलब्ध हुने गरी सेनेटरी प्याडको भरपर्दो व्यवस्था गर्ने ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने छ।

**प्रमुख नतिजाः**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने,

### ४.३.६ शैक्षिक समता तथा समावेशिकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | इकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण | विद्यार्थी | ५४४ | ७७० | ८३५ | ८३२ | ८३० |
| २ | विद्यालय बाहिर रहेका तथा शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्दति तर्जुमा गरी कार्यान्वयन गराउने । | जना | ० | ६ | १० | १५ | २५ |
| ३ | शिक्षकहरू लाई समावेशी शिक्षा र लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धि तालिम दिने | जना | ० | ३४ | ० | ३४ | ० |
| ४ | पाठ्यक्रम लाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइ लाई जीवनोपयोगी सिपसँग आबद्द गर्ने । | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| ५ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धि शिक्षा तथा संयन्त्र स्थापना गर्ने । | पटक | ० | १ | १ | १ | १ |
| ६ | जोखिममा परेका बालबालिका पहिचान गरी विद्यालयमा ल्याएर विभिन्न प्रोत्साहन मार्फत विद्यालयमा टिकाउने | पटक | ० | १ | १ | १ | १ |
| ७ | समाबेशी शिक्षा सञ्जाल कार्यान्वयन कार्यबिधि निर्माण | पटक | ० | १ | ० | ० | १ |
| ८ | आवश्यकतका आधारमा संरक्षण बिहिन बालबालिकाहरुको शिक्षा निरन्तरताका लागि विद्यालय कार्यक्रम | पटक | ० | १ | १ | १ | १ |
| ९ | समुदायभित्र अपाङ्गता भएका बालबालिकाहरुक पहिचान तथा पहुँच विस्तार कार्यक्रम | पटक | ० | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | बिपन्न, पिछडिएका विद्यालयको पहुँचमा आउन नसकेका बालबालिकाहरु पहिचान गरी विद्यालय निरन्तरता सहयोग (अपाङ्गता सहायत सामग्री सहित) | विद्यार्थी | ० | ५ | ५ | १० | १० |
| ११ | अपाङ्गता सम्बन्धी सचेतना अभिबृद्दि कार्यक्रम | पटक | ० | ९ | ९ | ९ | ९ |
| १२ | अपाङ्गता तथा बिशेष बालबालिकाका लागि प्रेषण (Referel) सहयोग | जना | ० | २ | २ | ४ | ४ |

### ४.३.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | १६३ | २३१ | २५० | २५० | २४९ |
| २ | विद्यालय बाहिर रहेका तथा शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्दति तर्जुमा गरी कार्यान्वयन गराउने । | ० | ६० | १०० | १५० | २५० |
| ३ | शिक्षकहरू लाई समावेशी शिक्षा र लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धि तालिम दिने | ० | ३४० | ० | ३४० | ० |
| ४ | पाठ्यक्रम लाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइ लाई जीवनोपयोगी सिपसँग आबद्द गर्ने । | ० | ० | ० | ० | ० |
| ५ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धि शिक्षा तथा संयन्त्र स्थापना गर्ने । | ० | ८० | ८० | ८० | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | जोखिममा परेका बालबालिका पहिचान गरी विद्यालयमा ल्याएर विभिन्न प्रोत्साहन मार्फत विद्यालयमा टिकाउने | २०० | २०० | २०० | २०० | २०० |
| ७ | समाबेशी शिक्षा सञ्जाल कार्यान्वयन कार्यबिधि निर्माण | ० | १ | ० | ० | १ |
| ८ | आवश्यकतका आधारमा संरक्षण बिहिन बालबालिकाहरुको शिक्षा निरन्तरताका लागि विद्यालय अनुदान सहयोग | ० | ४०० | ४०० | ४०० | ४०० |
| ९ | समुदायभित्र अपाङ्गता भएका बालबालिकाहरुक पहिचान तथा पहुँच विस्तार कार्यक्रम | ० | ५० | ५० | ५० | ५० |
| १० | बिपन्न, पिछडिएका विद्यालयको पहुँचमा आउन नसकेका बालबालिकाहरु पहिचान गरी विद्यालय निरन्तरता सहयोग (अपाङ्गता सहायत सामग्री सहित) | ० | ५० | ५० | १०० | १०० |
| ११ | अपाङ्गता सम्बन्धी सचेतना अभिबृद्दि कार्यक्रम | ० | १३५ | १३५ | १३५ | १३५ |
| १२ | अपाङ्गता तथा बिशेष बालबालिकाका लागि प्रेषण (Referel) सहयोग | ० | ५० | ५० | १०० | १०० |
| १३ | समाबेशी शिक्षा कार्यक्रमको जम्मा बजेट | ३६३०८३ | १५९७००० | १३१५४१४ | १८०४६५४ | १५६४८८४ |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

विद्यालयमा पहुँच बढाउन होस अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वास्थ्य र पोषणको एकदमै महत्वपूर्ण भूमिका हुन्छ र यो बालबालिकाको विकास र सिकाइसँग प्रत्यक्ष जोडिएको हुन्छ । विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिका लाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग गर्दछ । विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।बालबालिकाहरुको स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा मात्र उनिहरुबाट अपेक्षित सिकाई उपलब्धिको अपेक्षा गर्न सकिन्छ भने बालबालिकाको सिकाइप्रति सहभागिता बढाउन र उपलब्धि सुधार गर्न पनि स्वास्थ्य तथा पोषणको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरू खाद्य सम्प्रभुता स कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार स्थापित गरेको छ । यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अझै पनि नियमित निगरानी, स्थानीय स्तरमा स्रोत परिचालन, पौष्टिक खाना आपूर्ति तथा समुदायको सक्रिय सहभागिता आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन हुदै आएको छ । हाल सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि ६ कक्षा सम्मका सबै विद्यार्थीहरू लाई दिवाखाजाको व्यवस्था गरीएको छ । दिवा खाजाले शिक्षा, स्वास्थ्य पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् । यद्यपि नीति तथा नियामक ढाँचा, सङ्गठनात्मक संरचना तथा समन्वय र कार्यक्रम डिजाइन तथा कार्यान्वयनको अवस्था भने सन्तोषजनक देखिदैन । अपर्याप्त बजेटका बाबजुद दिवा खाजा लाई स्थानीय उत्पादनसँग जोड्न सकेमा आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै तयार गर्न सकिन्छ ।

भूमे गाउँपालिकाले स्वास्थ्य संस्थाहरुसंगको समन्वयमा अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण, आइरन चक्की तथा फोलिक एसिड वितरणका कार्यक्रमहरु गर्दैआइरहेको भएपनि नियमित स्वास्थ्य जाँचका कार्यक्रमहरु भने संचालन गरेको पाइदैन ।

**लक्ष्य**

- उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउने ।

### ४.४.३ उद्देश्य

- सबै बालबालिकाको नियमित रूपमा राम्रो स्वास्थ र पोषणको अवस्थामा सुनिश्चित गरी निरन्तर सिकाइका लागि अभिप्रेरित गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिका लाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने ।
- हरेक विद्यालय पत्रु खाना निषेधित विद्यालय अभियान सञ्चालन गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।
- विद्यालयमा करेसाबारी निर्माण तथा बाल उद्यान प्रवर्द्धन कार्यक्रम संचालन गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुने ।

प्रमुख नतिजाः

- प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तह मार्फत विद्यालयबाट प्राप्त हुनेछ ।
- हरेक विद्यालयहरु पत्रु खाना निषेधित विद्यालयको रुपमा स्थापित भएका हुनेछन् ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | इकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | विद्यालय घुम्ति शिविर मार्फत विद्यालय नर्स र स्वास्थ्यकर्मि मार्फत विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| २ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | ० | १ | ० | ० | १ |
| ३ | आधारभूत तहको विद्यालयमा खाजा तयार गर्नका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन | विद्यालय | ० | ५ | ५ | ५ | १० |
| ४ | दिवा खाजाको लागि खाद्य वस्तु व्यवस्थापनका लागि स्थानीय उत्पादक सहकारीसंग समन्वय र सहकार्य | विद्यालय | ० | १ | १ | १ | १ |
| ५ | पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मक कार्यक्रम संचालन | वडा | ० | ९ | ९ | ९ | ९ |
| ६ | विद्यालयमा विद्यार्थीको सङ्ख्याका आधारमा सरसफाईका सामग्री व्यवस्थापन | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| ७ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्म पोषकतत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| ८ | विद्यालयमा प्राथमिक उपचार बाकस/सामग्रीको व्यवस्थापन | विद्यालय | ० | १० | १० | १० | १० |
| ९ | पत्रु खाना निषेधित विद्यालय स्थापना सचेतनाअभियान | वडा | ० | ९ | ९ | ९ | ९ |
| १० | विद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | पटक | ० | २ | २ | २ | २ |
| ११ | भान्से तथा सहायक कर्मचारीका लागि पोषणयुक्त खाजा व्यवस्थापन सम्बन्धी तालिम | पटक | ० | १ | ० | १ | ० |

### ४.४.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | विद्यालय घुम्ति शिविर मार्फत विद्यालय नर्स र स्वास्थ्यकर्मि मार्फत विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने | ० | ३४० | ३४० | ३४० | ३४० |
| २ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | ० | १५० | ० | ० | १५० |
| ३ | आधारभूत तहको विद्यालयमा खाजा तयार गर्नका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन | ० | १२५ | १२५ | १२५ | २५० |
| ४ | दिवा खाजाको लागि खाद्य वस्तु व्यवस्थापनका लागि स्थानीय उत्पादक सहकारीसंग समन्वय र सहकार्य | ० | १०० | १०० | १०० | १०० |
| ५ | पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मक कार्यक्रम संचालन | ० | ९० | ९० | ९० | ९० |
| ६ | विद्यालयमा विद्यार्थीको सङ्ख्याका आधारमा सरसफाईका सामग्री व्यवस्थापन | ० | २७२ | २७२ | २७२ | २७२ |
| ७ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्म पोषकतत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | ० | ५१ | ५१ | ५१ | ५१ |
| ८ | विद्यालयमा प्राथमिक उपचार बाकस/सामग्रीको व्यवस्थापन | ० | ४५ | ४५ | ४५ | ४५ |
| ९ | पत्रु खाना निषेधित विद्यालय स्थापना सचेतनाअभियान | ० | १३५ | १३५ | १३५ | १३५ |
| १० | विद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ० | १०० | १०० | १०० | १०० |
| ११ | भान्से तथा सहायक कर्मचारीका लागि पोषणयुक्त खाजा व्यवस्थापन सम्बन्धी तालिम | ० | १०० | ० | १०० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि जम्मा बजेट | ० | १५०८००० | १२५८००० | १३५८००० | १५३३००० |

## ४.५ विद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

विद्यालयको सुरक्षा भन्नाले भौतिक संरचना सुरक्षित हुनुका साथै बालबालिका हिंसा, दुव्र्यवहार र जोखिमबाट जोगिनु, तथा आपतकालीन अवस्थामा तत्काल उद्धार र सहयोग सुनिश्चित गर्नु हो । सुरक्षित विद्यालयले बालबालिकाको मानसिक, शारीरिक र भावनात्मक विकासमा सकारात्मक प्रभाव पार्दछ । विद्यालय सुरक्षा सुनिश्चित गर्न सरकार, शैक्षिक संस्था र स्थानीय समुदायबीच समन्वय, सहकार्य र बलियो सम्बन्धआवश्यक आवश्यक हुन्छ । नेपालमा एक दशक समयको जनयुद्द, २०७२ को विनाशकारी भूकम्प, विभिन्न प्राकृतिक प्रकोपहरू तथा कोभिड–१९ महामारी जस्ता घटनाहरूले बालबालिकाको शिक्षामा अवरोध उत्पन्न गरेका छन् ।

प्राकृतिक प्रकोप, युद्ध, द्वन्द्व, महामारी जस्ता विपद्को अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरीन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षा सँग सम्बद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु नै सुरक्षित तथा उत्थानशिल विद्यालय संरचना हो । आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रूपमा स्वीकार गरीएको छ । यस विषय क्षेत्रमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश हुन्छन ।

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरीएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा देखिएका ठुला तथा साना विपद्हरूले शिक्षा लाई प्रभावित पारिरहेको देखिन्छ । भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को सामाना गरीरहेको अवस्थामा कोभिड १९ को विश्वव्यापी

महामारीले ठुलो शैक्षिक क्षति गरेको देखिन्छ । यस्ता विपद्को समयमा शिक्षाका वैकल्पिक उपाय सहित शिक्षा लाई निरन्तरता दिनु जरुरी छ । शिक्षा लाई विपद्को समयमा निरन्तरता दिनका लागि सिकाइ सहजिकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७ ,विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, एसइइ नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ अनुसार शिक्षाका क्रियाकलापहरू लाई निरन्तरता दिएको देखिन्छ । भूमे गाउँपालिका रूकुम पूर्वले कोभिड-१९ तथा अन्य महामारीको अवस्थामा शिक्षण सिकाईलाई निरन्तरता दिन रेडियो कार्यक्रम, टोल शिक्षा लगायतका माध्यमको प्रयोग गरेको थियो । विभिन्न माध्यमको प्रयोग गरेर शिक्षालाई निरन्तरता दिएको भएतापनि यसले विभिन्न चुनौतीहरू झेल्नुपरेको देखिन्छ ।

आपत्कालीन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुट्टै योजना बनाउने की योजनाको हरेक अङ्गमा यस लाई समावेश गर्ने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका थप चुनौतीहरू रहेका छन ।

यसैगरी नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने ,भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन ।

**लक्ष्य**

विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने ।

### ४.५.३ उद्देश्य

- विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधि प्रयोग गरी वालवालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु

### ४.५.४ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने
- बिपद हुनबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने
- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण
- संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत् योजना तयार गर्ने
- विद्यालयमा हुनसक्ने जोखिमहरुको नक्साङ्कन तथा पहिचान गरी समाधान गर्न उपाय खोजी गर्ने
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

### ४.५.५ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य

उपलब्धि

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने

नतिजा

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनरूत्थान योजना तथा क्षमता विकास हुने
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने
- विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रुपमा सञ्चालन हुने

## ४.५.६ विद्यालय सुरक्षा, बिपद न्यूनिकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | उत्थानशीलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | विद्यालय | ० | १ | १ | १ | १ |
| २ | विद्यालय सुरक्षा सम्बन्धी नीति, निर्देशिका तथा कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने | पटक | ० | १ | ० | ० | १ |
| ३ | बिपद व्यवस्थापन कोषको स्थापना गर्ने | पटक | ० | १ | १ | १ | १ |
| ४ | गाउँपालिकाको बिपद व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण/अद्यावधिक गर्ने | पटक | ० | १ | ० | ० | ० |
| ५ | आपत्कालिन अवस्थामा सिकाइ निरन्तरताको लागी स्थानिय तहको शिक्षा समुह गठन एवमं परिचालन | पटक | ० | १ | १ | १ | १ |
| ६ | स्थानिय तह पदाधिकारी, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक एवमं शिक्षकलाई बृहत विद्यालय सुरक्षा, जलवायु परिवर्तन र हरित विद्यालय सम्बन्धि क्षमता विकास | पटक | ० | १ | १ | १ | १ |
| ७ | बृहत्तर विद्यालय सुरक्षा ढाँचाको कार्यान्वयन | पटक | ० | १ | ० | १ | ० |
| ८ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण तथा पुनराबलोकन | विद्यालय | ० | १ | ० | ० | १ |
| ९ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचान नक्साङ्कन) | विद्यालय | ० | १ | १ | १ | १ |
| १० | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | विद्यालय | ० | १ | १ | १ | १ |
| ११ | विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम संचालन गर्ने (माध्यमिक तहबाट) | वडा | ० | ९ | ९ | ९ | ९ |

### ४.५.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | उत्थानशीलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | ० | ५० | ५० | ५० | ५० |
| २ | विद्यालय सुरक्षा सम्बन्धी नीति, निर्देशिका तथा कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने | ० | २०० | ० | ० | २०० |
| ३ | बिपद व्यवस्थापन कोषको स्थापना गर्ने | ० | १००० | १००० | १००० | १००० |
| ४ | गाउँपालिकाको बिपद व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण/अद्यावधिक गर्ने | ० | १०० | ० | ० | ० |
| ५ | आपत्कालिन अवस्थामा सिकाइ निरन्तरताको लागी स्थानिय तहको शिक्षा समुह गठन एवमं परिचालन | ० | २० | २० | २० | २० |
| ६ | स्थानिय तह पदाधिकारी, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक एवमं शिक्षकलाई बृहत विद्यालय सुरक्षा, जलवायु परिवर्तन र हरित विद्यालय सम्बन्धि क्षमता विकास | ० | २५० | २५० | २५० | २५० |
| ७ | बृहत्तर विद्यालय सुरक्षा ढाँचाको कार्यान्वयन | ० | १५० | ० | १५० | ० |
| ८ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण तथा पुनराबलोकन | ० | १५० | ० | ० | १५० |
| ९ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचान नक्साङ्कन) | ० | १५० | १५० | १५० | १५० |
| १० | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | ० | १०० | १०० | १०० | १०० |
| ११ | विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम संचालन गर्ने (माध्यमिक तहबाट)। | ० | १३५ | १३५ | १३५ | १३५ |
| | विद्यालय सुरक्षा कार्यक्रमको जम्मा बजेट | ० | २३०५००० | १७०५००० | १८५५००० | २०५५००० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिकाहरू लाई विद्यालयमा भर्ना गर्न विद्यालयको भौतिक पूर्वाधार विकास भएको हुनु पर्दछ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

भौतिक पूर्वाधार विकास अन्तर्गत सुरक्षित विद्यालय, पढ्नका लागि कोठा, खेल्नका लागि खेलमैदान, चर्पी, सफाइ र पिउनका लागि स्वच्छ खानेपानी जस्ता कुराहरू पर्दछन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, चर्पी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिमयुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री बाल उद्यान सहितको हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरीएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस भूमे गाउँपालिकामा ३४ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यस गाउँपालिकामा २६ वटा पक्की भवन छन् । ती भवनहरूमा जम्मा १०८ वटा पक्की कक्षाकोठा रहेका छन् भने ४५ वटा कक्षाकोठा अपुग छन् केही विद्यालयहरूमा प्रधानाध्यापकको लागि बेग्लै कोठा, अलग्गै कम्प्युटर कोठा, चर्पी र खानेपानीको उचित व्यवस्था, स्टाफ कोठा, पुस्तकालय कोठा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप कोठा तथा ल्याब कक्षाको व्यवस्था भएपनि सबै विद्यालयमा त्यसो हुन नसक्दा त्यसको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सङ्घीय ता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापन तथा शिक्षा विभागबाटै विद्यालयमा भौतिकको काम हुने गरेको मा हाल कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ भने निर्माणको मापदण्ड सङ्घीय तह बाट हुदै आएको छ । जसबाट योजना र कार्यान्वयनमा तालमेल मिल्न सकेको छैन । विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा एकरूपता नभएको अवस्थामा

के कस्ता संरचनाहरू आवश्यक हुन् र ति आवश्यक पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र विकास योजना (SSDP) तथा राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यालयको भौतिक पूर्वाधार विकासलाई गुणस्तरीय सिकाइको आधारका रूपमा लिइएको छ। यस अन्तर्गत सबै बालबालिकाका लागि पहुँचयोग्य, सुरक्षित, र समावेशी विद्यालय भवन निर्माणमा जोड दिइएको छ। प्रत्येक विद्यालयमा न्यूनतम ५ कोठे पक्की भवन, बालमैत्री र अपाङ्गमैत्री शौचालय, पिउने पानीको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, ICT प्रयोग कक्ष, सुरक्षित पर्खाल, र खेलमैदान अनिवार्य पूर्वाधारको रूपमा सुनिश्चित गर्न नीति बनाइएको छ।

समस्या तथा चुनौतिहरु

भूमे गाउँपालिकामा भौतिक पूर्वाधार विकासका निम्न समस्या तथा चुनौतिहरु रहेका छन्

- सबै शैक्षिक भवनहरु भूकम्प प्रतिरोधी र सुरक्षित नहुनु
- अपाङ्गमैत्री पूर्वाधारका साथै रयाम्प, रेलिङ र घेरावारको अभाव हुनु ।
- सबै विद्यालयका पूर्वाधार सुधार गर्न पर्याप्त बजेट नहुनु
- हरित विद्यालय अवधारणाको कार्यान्वयन नहुनु ।
- समुदाय तथा अभिभावको सहभागिता र योगदान नहुनु

**लक्ष्य**

- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु

### ४.६.३ उद्देश्य

- विद्यालय पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु
- विद्यालय शिक्षाका लागि आवश्य सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
- सबै विद्यालयमा भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास,सबलीकरण गर्नु ।
- जलवायु परिवर्तनका असरबाट सुरक्षित बनाउनु ।
- गुणस्तरीय र सुरक्षित पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु

### ४.६.४ रणनीतिहरू

- विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गर्ने ।
- पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास तथा अनुसरण गर्ने ।
- भवन तथा पूर्वाधार विकासका न्यनतम मापदण्डहरुको अनिवार्य कार्यान्वयन गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग स्रोत व्यवस्थापनका लागि लागत साझेदारी गर्ने ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक निर्माण गर्नेगरी विद्यालयको सम्पूर्ण निर्माणको अवधारणा विकास तथा कार्यान्वयन गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता विकास गर्ने।
- सरोकारवाला र अन्तर सरकारबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्ने ।
- प्रत्येक विद्यालयमा पुस्तकालय कर्मचारी सहितको अत्याधुनिक पुस्तकालय व्यवस्थापन गरीने छ।
- वडा स्तरमा नमुना विद्यालय बनाउन पहल गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- हरेक विद्यालयमा सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग भएको हुनेछ ।

प्रमुख नतिजाः

- गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
- एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणा अनुसार पूर्वाधार विकास हुने ।
- विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
- विद्यालयमा बनेका संरचनाहरूको सम्बर्धन तथा मर्मत सम्भारका लागि पद्दतीको विकास हुने ।
- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।
- भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको गुरूयोजना तयार हुने ।
- पूर्वाधार विकासको लागि श्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने ।

### ४.६.६ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | इकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | विद्यालय | ० | २ | २ | २ | २ |
| २ | स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित विद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म सन्चालित विद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित विद्यालयहरूलाई रू. ५००,०००/०० विद्यालय मर्मत | विद्यालय | ० | ३ | ३ | ३ | ३ |
| ३ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | पटक | ० | १ | ० | १ | ० |
| ४ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण | विद्यालय | ० | ३ | ३ | ३ | ३ |
| ५ | विद्यालय खानेपानी व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | ४ | ४ | ४ | ४ |
| ६ | विद्यालयमा बाल उद्यान निर्माण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ |
| ७ | विद्यालयमा पुस्तकालय तथा बिज्ञान प्रयोगशाला स्थापना तथा अद्यावधिक | विद्यालय | ० | ३ | ३ | ३ | ३ |
| ८ | पालिका भित्र नमूना बालविकास स्थापना कार्यक्रम | विद्यालय | ० | १ | १ | १ | १ |
| ९ | पालिका भित्र नमूना विद्यालय विकास कार्यक्रम (Big School Concept) | विद्यालय | ० | १ | १ | १ | १ |
| १० | नमूना विद्यालयका लागि छात्रावास निर्माण | विद्यालय | ० | १ | १ | १ | १ |
| ११ | विद्यालयको फर्निचर व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | ४ | ४ | ४ | ४ |
| १२ | विद्यालय तथा पालिका शिक्षा शाखाको कार्यालय व्यवस्थापन | विद्यालय | ० | ५ | ५ | ५ | ५ |
| १३ | विद्यालयको भौतिक अवस्थाको नक्साङ्कन | पटक | ० | १ | १ | १ | १ |
| १४ | विद्यालयमा बाहिरी खेल सामग्रीको व्यवस्थापन | विद्यालय | ० | ५ | ५ | ५ | ५ |
| १५ | विद्यालय घेरावार कार्यक्रम | विद्यालय | ० | ४ | ४ | ४ | ४ |

### ४.६.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | ० | ६००० | ६००० | ६००० | ६००० |
| २ | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित विद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म सन्चालित विद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित विद्यालयहरूलाई रू. ५००,०००/०० विद्यालय मर्मत खर्च | ० | ३००० | ३००० | ३००० | ३००० |
| ३ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | ० | ४०० | ० | ४०० | ० |
| ४ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ० | १६०० | १६०० | १६०० | १६०० |
| ५ | विद्यालय खानेपानी व्यवस्थापन कार्यक्रम | ० | ७५० | ७५० | ७५० | ७५० |
| ६ | विद्यालयमा बाल उद्यान निर्माण | ० | ५०० | ५०० | ५०० | ५०० |
| ७ | विद्यालयमा पुस्तकालय तथा बिज्ञान प्रयोगशाला स्थापना तथा अद्यावधिक | ० | ९०० | ९०० | ९०० | ९०० |
| ८ | पालिका भित्र नमूना बालविकास स्थापना कार्यक्रम | ० | १२०० | १२०० | १२०० | १२०० |
| ९ | पालिका भित्र नमूना विद्यालय विकास कार्यक्रम (Big School Concept) | ० | १५०० | १५०० | १५०० | १५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नमूना विद्यालयका लागि छात्रावास निर्माण | ० | १००० | १००० | १००० | १००० |
| ११ | विद्यालयको फर्निचर व्यवस्थापन कार्यक्रम | ० | १२०० | १२०० | १२०० | १२०० |
| १२ | विद्यालय तथा पालिका शिक्षा शाखाको कार्यालय व्यवस्थापन | ० | ५०० | ५०० | ५०० | ५०० |
| १३ | विद्यालयको भौतिक अवस्थाको नक्साङ्कन | ० | १०० | १०० | १०० | १०० |
| १४ | विद्यालयमा बाहिरी खेल सामग्रीको व्यवस्थापन | ० | ५०० | ५०० | ५०० | १०० |
| १५ | विद्यालयमा बोर्ड व्यवस्थापन | ० | १०० | १०० | १०० | १०० |
| १६ | विद्यालयमा अपाङ्गमैत्री र लैंगिकमैत्री संरचना विकास | ० | १००० | १००० | १००० | १०० |
| १७ | विद्यालय घेरावार कार्यक्रम | ० | ८०० | ८०० | ८०० | १०० |
| | भौतिक पूर्वाधार विकास कार्यक्रमका जम्मा बजेट (लाखमा) | ० | २१०५०००० | २०६५०००० | २१०५०००० | १८६५०००० |

## ४.७ विद्यालयमा सूचना  तथा प्रविधि

### ४.७.१ परिचय

पछिल्लो समयमा सूचना प्रविधिको विकास र प्रयोग ह्वात्तै बढेको छ । सबै नागरीकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य पनि रहेको छ । उसैपनि विश्वमा प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरू बिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न ,विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाई सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संबिधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरीकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ ।

त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि  नीति, २०७२  ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा,२०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा  सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरीएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना, सन २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षण सकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधि संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने जस्ता कार्यक्रम निर्धारण गरेका थिए । यसैगरी सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने,

अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफार्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरीएका थिए ।

### ४.७.२ वर्तमान अवस्था

सरकारले आधारभूत शिक्षा (कक्षा ४-८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

**समस्या तथा चुनौतिहरु**

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी समस्या र **चुनौतीहरू** निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरीएको छः

- सबै विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभी, इन्टरनेटको उपलब्धता नहुनु
- उपलब्ध उपकरण बिग्रिएर प्रयोगविहीन अवस्थामा हुनु
- ICT प्रयोग गर्न प्राविधिक सहयोग वा तालिमप्राप्त शिक्षकको कमी हुनु
- डिजिटल सामग्रीको प्रयोग मार्फत शिक्षण सिकाईको वातावरण निर्माण नहुनु
- ICT सामग्री खरिद, मर्मत, इन्टरनेट शुल्क लगायतका लागि प्रयाप्त स्रोत नहुनु ।

**लक्ष्य**

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुने ।

### ४.७.३ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु

- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु
- विद्यालयमा सूचना प्रविधि प्रयोगका लागि दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ४.७.४ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरीने
- सबै शिक्षकहरूको क्षमता विकास गर्ने
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा बढवा दिने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center तथा विद्यालयमा e-learning सेन्टर स्थापना गरी कार्यान्वयन गर्ने ।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने

**प्रमुख नतिजाः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने

### ४.७.६ विद्यालयमा सूचना  तथा प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्रस | प्रस्तावित कार्यक्रमहरु | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | विद्यालयमा ICT संरचना विस्तार (E-Library सहित) | विद्यालय | ० | ४ | ४ | ४ | ४ |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| ३ | प्रबिधि विकास तथा IEMIS व्यवस्थापन तालिम कार्यक्रम | पटक | ० | १ | १ | १ | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरूका परिचालकहरूको प्रबिधिमा क्षमता विकास | पटक | ० | १ | १ | १ | १ |
| ५ | विद्यालयमा प्रिन्टेवल इ-हाजिरी व्यवस्थापन | विद्यालय | ० | ६ | ६ | ८ | ८ |
| ६ | लागत साझेदारीमा शिक्षकलाई कम्प्यूटर व्यवस्थापन | | ० | १० | १० | १० | १० |
| ७ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन सहयोग | जना | ० | ४० | ४० | ४० | ४० |
| ८ | प्रविधि मैत्री सिकाइका लागि विद्यालयमा टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | ० | ६ | १० | १० | १० |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | ० | १ | १ | १ | १ |
| १० | विद्यालयमा स्मार्ट बोर्ड तथा प्रबिधिमैत्री शिक्षण सिकाई सामग्रीको व्यवस्थापन | विद्यालय | ० | ६ | ६ | ६ | ६ |
| ११ | प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि श्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | विद्यालय | | ६ | १० | १० | १० |

## ४.७.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्रस | प्रस्तावित कार्यक्रमहरु | एकाई | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | विद्यालयमा ICT संरचना विस्तार (E-Library सहित) | विद्यालय | ० | १२०० | १२०० | १२०० | १२०० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ० | ५१० | ५१० | ५१० | ५१० |
| ३ | प्रविधि विकास तथा IEMIS व्यवस्थापन तालिम कार्यक्रम | पटक | ० | ४०० | ४०० | ४०० | ४०० |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरूका परिचालकहरूको प्रविधिमा क्षमता विकास | पटक | ० | ६० | ६० | ६० | ६० |
| ५ | विद्यालयमा प्रिन्टेवल इ-हाजिरी व्यवस्थापन | विद्यालय | ० | १५० | १५० | २०० | २०० |
| ६ | लागत साझेदारीमा शिक्षकलाई कम्प्यूटर व्यवस्थापन | | ० | ४०० | ४०० | ४०० | ४०० |
| ७ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन सहयोग | जना | ० | १६० | १६० | १६० | १६० |
| ८ | प्रविधि मैत्री सिकाइका लागि विद्यालयमा टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | ० | २४० | ४०० | ४०० | ४०० |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | ० | ३०० | ३०० | ३०० | ३०० |
| १० | विद्यालयमा स्मार्ट बोर्ड तथा प्रविधिमैत्री शिक्षण सिकाई सामग्रीको व्यवस्थापन | विद्यालय | ० | १८०० | १८०० | १८०० | १८०० |
| ११ | प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि श्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | विद्यालय | ० | १८० | ३०० | ३०० | ३०० |
| | विद्यालय ICT कार्यक्रमको जम्मा बजेट | | ० | ५४००००० | ५६८०००० | ५७३०००० | ५७३०००० |

# परिच्छेद ५
# शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

सङ्घीयता पछि नेपालको शिक्षा क्षेत्रको संरचना तीनै तहमा कायम गरीएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकृया र क्षमता सुधार गरीएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यद्यपि यस योजना निर्माणको अवधि सम्म पनि सङ्घीय शिक्षा ऐन जारी हुन सकेको छैन ।

यस योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति, गाउँपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय तथा शिक्षा शाखा मातहतका विभिन्न समितिहरू मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरीएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरीएको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि ऐनबमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाको व्यवस्था गरीएको छ ।

### ५.१.२ वर्तमान अवस्था

भूमे गाउँपालिका अन्तर्गत रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना शिक्षा अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दीमा काम भैरहेको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन । शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन । यस योजना निर्माणको अवधि सम्म पनि सङ्घीय शिक्षा ऐन बन्न सकेको छैन । जसका कारण साझा अधिकार क्षेत्रभित्र रहेका कतिपय समस्याहरू समाधानमा कठिनाइ देखिने गरेको छ ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । पालिका भित्रकासबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण नियमित गर्ने गर्दछन्। औपचारीकताका लागि लेखा परिक्षण गरीने भएपनि प्रभावकारी र निर्देशिका बमोजिम लेखापरिक्षण भने गरेको पाईदैन । विद्यालयमा नागरीक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । जसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरीएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरीएको छ ।

यस योजना मार्फत पहिचान गरीएका चुनौतीहरूको व्यवस्थापन गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरीएको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको कानुन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकारवालाहरूबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइले काम गरीरहेका छन् । शिक्षा प्रशासनका निकायहरू एकातिर काम विहीन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबिचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भइ विद्यालयहरूमा शिक्षक पेसागत सहयोगको पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहहरू बिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहीतामा सुधार गर्नुपर्ने छ ।

समस्या तथा चुनौतीहरूः

- अभिभावक तथा समुदायको विद्यालयमा कम चासो हुनु
- नियमित बैठक र अभिलेख व्यवस्थापनको कमी
- पालिका स्तरमा शैक्षणिक सहयोगकका लागि जनशक्ति नहुनु
- पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर
- बिध्यालयमा शैक्षिक योजना निर्माण, सामाजिक परीक्षण, MIS प्रयोग आदि कार्यमा तालिम प्राप्त जनशक्तिको अभाव हुनु

लक्ष्य

- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने

### ५.१.३ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
- विद्यालयमा पारदर्शिता, उत्तरदायित्व र सहभागी व्यवस्थापन प्रणाली सुदृढ गर्नु,
- शैक्षिक योजना, सामाजिक परीक्षण, विद्यालय सुधार योजना, व्यवस्थापन समिति र अभिभावक संलग्नता प्रक्रियालाई संस्थागत गर्दै सुशासन प्रवर्द्धन गर्नु ।
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु,

### ५.१.४ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- समावेशी र समान शैक्षिक अवसरको प्रर्वद्धन गर्ने
- विद्यालयमा समुदाय र अभिभावकको संलग्नता अभिबृद्धि हुने कार्यक्रमको तय गर्ने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने ।
- जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम सञ्चालन गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुने ।

**प्रमुख नतिजाः**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने,
४. प्रमाणमा आधारीत बलियो अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भएको हुने,
५. विद्यालयमा अभिभावक र समुदायको सहभागिता बृद्दि भएको हुने,
६. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्वेश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

### ५.१.६ शिक्षाको संस्थागत विकास तथा सुशासनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र स | प्रस्तावित कार्यक्रमहरु | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | ० | १ | ० | ० |
| २ | विद्यालय संग सम्बन्धित संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको अभिमुखिकरण गर्ने | विद्यालय | ० | ३४ | ० | ३४ | ० |
| ३ | प्रधानाध्यापक लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने | पटक | ० | १ | १ | १ | १ |
| ४ | विद्यालय भौतिक परिक्षण तथा जिन्सी व्यवस्थापन तालिम संचालन गर्ने | पटक | ० | १ | ० | १ | ० |
| ५ | शिक्षा योजना मध्यावधि पुनरावबलोक तथा प्रबोधकरण गर्ने | पटक | ० | १ | ० | १ | ० |
| ६ | निमित प्रधानाध्यापक बैठक आयोजना गर्ने | पटक | ० | ९ | ९ | ९ | ९ |
| ७ | अर्धवार्षिक रुपमा शैक्षिक उपलब्धि समिक्षा गर्ने | पटक | ० | २ | २ | २ | २ |
| ८ | शिक्षाका संरचनामा सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास (विव्यस, सिअसंघ र वडा शिक्षा समिति सम्बद्ध पदाधिकारी) | पटक | ० | १ | १ | १ | १ |
| ९ | बिज्ञबाट शैक्षिक उपलब्धिको परिक्षण गर्ने | पटक | ० | १ | १ | १ | १ |
| १० | प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम तथा अन्तर्क्रिया | पटक | ० | १ | १ | १ | १ |
| ११ | वडा तथा गाउँ शिक्षा समितको अभिमुखीकरण | पटक | ० | १० | १० | १० | १० |
| १२ | शिक्षा शाखाका कर्मचारी ता संस्थागत संरचनाका पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठि, सेमिनार तथा भ्रमण | पटक | ० | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | अभिभावक तथा सरोकारवालाहरुको विद्यालयमा सक्रियता बढाउन अभिभावक अन्तर्किया कार्यक्रम | वडा | ० | ९ | ९ | ९ | ९ |
| १४ | शैक्षिक बहस कार्यक्रम संचालन (अध्यक्ष/उपाध्यक्षसंग बालबालिका कार्यक्रम) | पटक | ० | १ | १ | १ | १ |
| १५ | विभिन्न शैक्षिक कार्यक्रम तथा परियोजना संचालनका लागि साझेदारी गर्ने निकायसंगको लागत साझेदारी | पटक | ० | १ | १ | १ | १ |
| १६ | शैक्षिक बुलेटिन (कार्यमूलक अनुसन्धान र शिक्षक विद्यार्थी अनुभव समेटिएको) निर्माण गर्ने | पटक | ० | १ | १ | १ | १ |
| १७ | विद्यालयमा बालक्लव सशक्तिकरण गर्ने | विद्यालय | ० | ३० | ३० | ३० | ३० |
| १८ | विद्यालयमा मापदण्ड बमोजिम गुनासो सुनुवाई प्रणालीको विकास गर्ने | विद्यालय | ० | ३४ | ३४ | ३४ | ३४ |
| १९ | वार्षिक शैक्षिक क्यालेन्डरको निर्माण गर्ने | पटक | ० | १ | १ | १ | १ |
| २० | असल अभ्यास र उत्कृष्ट शिक्षक र विद्यालयलाई पुरस्कृत गर्ने | पटक | ० | १ | २ | २ | २ |
| २१ | अभिभावक उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने | पटक | ० | १ | १ | १ | १ |
| २२ | खेल विकासका लागि प्रशिक्षक एवम् तालिम संचालन गर्ने | पटक | ० | १ | १ | १ | १ |

### ५.१.७ प्रमुख क्रियाकलाप तथा लागत अनुमान (बजेट)

| क्र स | प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | ० | ० | २०० | ० | ० |
| २ | विद्यालय संग सम्बन्धित संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको अभिमुखिकरण गर्ने | ० | ५१० | ० | ५१० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | प्रधानाध्यापक लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने | ० | ५० | ५० | ५० | ५० |
| ४ | विद्यालय भौतिक परिक्षण तथा जिन्सी व्यवस्थापन तालिम संचालन गर्ने | ० | १०० | ० | १०० | ० |
| ५ | शिक्षा योजना मध्यावधि पुनरावबलोक तथा प्रबोधकरण गर्ने | ० | २०० | ० | २०० | ० |
| ६ | निमित प्रधानाध्यापक बैठक आयोजना गर्ने | ० | ५४० | ५४० | ५४० | ५४० |
